साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक २९ २०८२ फागुन ५ गते मंगलबार (Feb. 17, 2026) मूल्य रू. १०/-


## सेना दिवसमा अमेरिकी सेना सहभागी

नेपाली सेनाले टुडिखेलमा आयोजना गरेको शिवरात्रि कार्यक्रममा अमेरिकी सेनाको प्रस्तुतिका विषयमा केही नेता, बुद्धिजीवीले नकारात्मक टिप्पणी गरेका छन् । विदेशी राष्ट्रका सनावीच सेना दिवसमा कार्यक्रम आदानप्रदान हुन्छ । नेपाली सेनाले हरेक वर्ष सैनिक दिवसका अवसरमा बेलायत, अमेरिका, भारतका सेनालाई निम्तो दिने परम्परा पुरानै हो । सेना दिवसमा गरिने कार्यक्रम सैनिक सम्बन्ध नविकरण र सैनिक कूटनीतिको एक अभ्यास पनि हो । हालैमात्र नेपाली सेनाले भारतीय सेना दिवसका अवसरमा नेपाली ब्याण्ड प्रस्तुत गरेको थियो । यसबाहेक नेपाली सेनाले बृटिस, भारत, चीन, अमेरिका, पाकिस्तानलगायतका सेनासँग अभ्यास गर्ने, केही सिक्ने, केही अनुभव आदान प्रदान गर्ने गरेको छ ।

केही स्वनामधन्य बुद्धिजीवीहरूले अमेरिकाको एमसीसी, इण्डो प्यासिफिक स्ट्राटेजीसँग जोडेर टिप्पणी गरेको पनि सुनियो । यो नितान्त सैनिक सम्बन्धको विषय हो, यसलाई चुनावका लागि मसालेदार बनाउनु दुर्भाग्यपूर्ण छ ।

असामान्य कुरोमा चूप लाग्ने, सामान्यलाई हाउगुजी बनाउने जरूरी छ र ?

## ओली, प्रचण्ड, बालेन, गगन




ठूला भनिएका पार्टी एमाले, कांग्रेस, नेकपा र रास्वपा हुन् । यी चार पार्टीवीच फागुन २१ को चुनावमा मुख्य प्रतिस्पर्धा हुनेछ । एमालेले केपी ओलीलाई, कांग्रेसले गगन थापालाई, रास्वपाले बालेन साहलाई र नेकपाले प्रचण्डलाई भावी प्रधानमन्त्रीका रूपमा उभ्याएका छन् ।

बढी चर्चा बालेन साह र गगन थापाले चुनाव जित्नेछन् र देशको बागडोर सम्हाल्नेछन् भनिदैछ । भन्नेहरू त केपी ओलीले चुनाव जित्ने र कांग्रेस, नेकपा र रास्वपालाई जिल्याइदिने अनुमान पनि गरिरहेका छन् । यसैवीच अमेरिकी संसद र अमेरिकी राष्ट्रपति ट्रम्पले फागुन २१ को चुनावमा जसले जिते पनि सहकार्य गर्ने बताएका छन् । चीनका नवनियुक्त राजदूत र दिल्लीले पनि फागुन २१ को चुनावमा सघाउँदै चासो बढाएका छन् । यसरी हेर्दा नेपालको चुनाव भूराजनीतिको भूमरीमा हुनलागेको अनुमान गरिदैछ । इतिहासमै पहिलोपल्ट अमेरिकी सेनाले टुडिखेलमा ब्याण्ड प्रस्तुत गरेर नाचेका छन् । चुनावअघिको यो अमेरिकी चासो र संलग्नतालाई अर्थपूर्ण हेरिएको छ ।

चुनाव हुँदैन भन्नेहरूको मुखबुजो लागेको छ । अब चुनाव हुन्छ र चुनावमा नयाँ नयाँ भन्नेलाई नै जनताले स्वीकार गर्नसक्ने लहर देखिन्छ । यसो हो भने बालेन कि गगन ? भावी प्रधानमन्त्री को बन्लान् त ?

# राजतन्त्रको लोकप्रियता बढ्यो

लोकप्रियता भनेको यस्तो हुन्छ । पुराना र ठूला भनिएका नेताहरू जनताका सामु जान नसकेर चुनाव जित्न अनेक दाउपेच लगाइरहेको समयमा पूर्वराजा झापाबाट काठमाडौं आउँदा माहुरीले सानु छोपेझैं भुइँमान्छेले छोपेको देखेर विश्व चकित छ । पूर्वराजाको आकर्षण झन झन बढेर गएको छ । राजाले हरेक पटक संवाद, सहमति र सहकार्यका लागि आह्वान गर्दा कमजोरी ठान्नेहरू कि त किनारा लागे, कि चुनावमा हारको कगारमा छन् । पार्टीको बाहुबली दस्ताको सुरक्षामा हिड्नुपर्ने बाध्यता छ नेताहरूलाई । तर पूर्वराजालाई आमनागरिकले यसरी घेर्छन् र स्वागत गर्छन् । प्रजातन्त्रमा यो हो लोकप्रियता ।

फागुन १ गतेको यो दृश्यले फेरि पनि प्रमाणित भएको छ कि राजतन्त्र नेपालका लागि अपरिहार्य शक्ति हो । राजतन्त्रलाई जालझेलपूर्ण र अवैधानिक प्रकृयाबाट किनारा लगाए पनि राजा जनताकै वीचमा रहेका छन् ।

अब राजाले बुझाएको जनताको नासो मागे भने के गर्छन् यी राजनीतिक व्यापारी र राजनीतिलाई नेपोटिजम, स्वार्थका लागि अपराधिकरण गर्नेहरूले ? बरू संवाद, सहमति र सहकार्य गरेर अघि बढ्नसके राष्ट्रमा स्थिरता, शान्ति, समृद्धि र सुशासन आउनसक्ने थियो ।

लामो समय भयो- राजा आउ देश बचाउ भनेर नारा लागेको छ । यो नारा मेची, महाकाली, सुर्खेत, बाँके, जनकपुर, भक्तपुर काठमाडौंमात्र होइन, देशैभरि लागेको धेरै भयो । प्रजातन्त्रमा प्रजाको आवाजको सम्मान हुनुपर्ने हो, प्रजालाई



बेवास्ता गर्दा गत भदौ २३ र २४ गते अहंकारीहरूले जेनजी पुस्ताका ७६ जनाको ज्यान लिए । अझै पनि यिनीहरू सत्यबाट भागिरहेका छन् । भ्रम छरेर सत्ता र शक्तिमा जान सकिन्छ भन्ने ठानिरहेका छन् । बहुदलपछिको ३७ वर्ष र लोकतन्त्रपछिको २० वर्षमा देशलाई भ्रष्टाचार, परिवारवाद, स्वार्थसिद्धिको राजनीतिक अपराधिकरण गर्दा गर्दा यिनीहरूको बुद्धिमा नालीको किरा सलबलाउन थालेको छ । जसका कारण देश अराजकता, अस्थिरता र विदेशी चलखेलको महामारीमा फसिसकेको छ । तैपनि कोही जिम्मेवारी लिन सक्दैनन् ।

अन्धो, बहिरो र लाटोको अभिनय गर्नेहरू आफूलाई प्रजातान्त्रिक ठान्छन्, यिनको प्रजातन्त्रको मुखुण्डो भदौ २३ र २४ गते उदाङ्गिएको हो, अब फागुन २१ गते आमनागरिक जो सिंगौरी खेल्न चुनावमा गएका छन्, तिनको सिङ् भाँचिदिने निश्चित छ ।

जनताले खोजेका बेलामा म यहीँ छु भन्ने पूर्वराजा ज्ञानेन्द्र शाह जनताकै माझमा छन् । जनलहरकै वीचमा छन् । सरकारले निषेधाज्ञा जारी गरे पनि नागरिकले राजाको स्वागतमा कुनै कसर बाँकी राखेनन् । कुनै पनि राजनीतिक दलका नेतामा यस्तो साहस, जनतावीच यसरी स्वागत पाउने ल्याकत छ ?

फागुन १ गते एयरपोर्टदेखि महाराजगञ्जसम्म हजारौंहजारको नागरिक भीडले राजनीतिक दल र सरकारलाई प्रष्ट पारिदिएको छ कि पूर्वराजा लोकप्रियताको शिखरमा छन् । राजतन्त्रको समर्थकहरूको उत्साहपूर्ण उपस्थिति देखेर विश्वचकित परेको थियो । पूर्वराजा आफ्नै देशभित्र आवतजावत गर्दा यो दृश्य देखिन्छ भने राजतन्त्रलाई नकार्नसक्ने कुनै शक्तिको ताकत देखिदैन । जब नागरिकले नै राजतन्त्र चाहिन्छ भन्छन् भने कसैले नकार्दैमा उपेक्षित हुनुपर्ने कारण देखिदैन । पूर्वराजाको राजधानी आगमनले राजनीतिक बृत्तमा तरङ्ग उठेको छ, कूटनीतिक बृत्तमा चासोका साथ हेरिएको छ । सरकारले नागरिकका अभिभावकलाई सुरक्षा दिन नसकेर निषेधाज्ञा लगाएको विषयमा आलोचना पनि भइरहेको छ ।

मुलुक अभिभावक विहीन हुँदा विश्वसमुदायबाट एक्लिदै गएको छ । हैसियत खस्किएको छ । मुलुकलाई सही दिशामा लैजानका लागि राजसंस्था अपरिहार्य छ भन्ने विषय बुद्धिजीवी, पार्टीभित्र र कूटनीतिक समुदायमा पनि चर्चा बढेको छ । नेताहरूले स्वार्थका लागि राष्ट्रियतालाई दाउमा राखेको विषयमा आलोचना बढेको छ । अन्तरिम सरकारले राष्ट्रियता र जनाधिकारमाथि धावा बोल्नेमाथि कारवाही नगर्नु आश्चर्यको विषय बनेको छ । चुनाव भाँडिएला भनेर होला, अन्तरिम सरकारले आँखा चिम्लेर अपराधलाई छुट दिइरहेको देखिन्छ । भएको राजसंस्था किनारा लगाउन, विश्वकै एकमात्र हिन्दुराष्ट्र मास्न र विदेशी एजेण्डामा रमाउने नेताहरूलाई दण्डित गर्ने बेला आएको छ । २० वर्षे शासकहरूको बहीखाता जनताले खोलेर बसेका छन्, फागुन २१ को चुनावमा जनताले खरी घस्ने निश्चित छ । जसले जिते पनि राजसंस्थाको पुनर्स्थापना, हिन्दुराष्ट्रसहितको संवैधानिक सुधारसहित अघि बढेमा त्यो दलले इतिहास रच्नेछ । भूराजनीतिका गोलचक्करमा राख्नेहरूलाई किनारा लगाएर राजसंस्थाको अभिभावकत्वमा प्रजातान्त्रिक मूल्यका साथ जुन पार्टी अघि बढ्नेछ, त्यही जनताको अपनत्वको सम्पत्ति बन्न सक्नेछ । जेनजी पुस्ताले ज्यान दिएर ल्याएको परिवर्तनले देशको मुहार फेर्ने प्रस्थानविन्दु हुनुपर्छ ।

## विश्व समाचारमा छायो : झापा ५




फागुन २१ को निर्वाचनमा झापा ५ विश्व समाचार बनेको छ । बेलायतदेखि अमेरिकासम्म, भारतदेखि चीनसम्मको चासो यही क्षेत्र बनेको छ । कतिपय सञ्चारमाध्यमहरूले बालेन साह र केपी ओलीको समाचार छापेका छन् ।

७५ वर्षको आसपासका केपी ओली, जो ६ पटक चुनाव जिते, ४ पल्ट प्रधानमन्त्री बने । उनका विरूद्ध काठमाडौं महानगरका मेयरबाट ओलीविरूद्धको चुनावी प्रतिस्पर्धामा झापा ५ पुगेका छन् । हुन त राप्रपा, नेकपा र कांग्रेसका उमेदवार पनि छन्, चर्चा बालेन र ओलीमा कसले जित्ला भन्ने बढी छ ।

झापा ५ को निर्वाचन सबैभन्दा रोचक छ । रूकुम उक्लेका नेकपाका संयोजक प्रचण्ड र सर्लाही झरेका कांग्रेसका सभापति गगन थापाको विषय सामान्य मानिएको छ । बालेन जता जान्छन्, उतै युवा र आमासमूहको भीड लाग्ने गरेको छ अर्थात् रास्वपाको लहर देशैभरि देखिन्छ । यो लहरलाई रोक्ने औजार वा अक्किल कांग्रेस, एमाले वा नेकपामा अहिलेसम्म देखिएको छैन ।

निर्वाचनको इपिसेन्टर झापा ५ बनेको छ । झापा ५ मा ओली जीवनमै सबैभन्दा बढी प्रश्न र आलोचनामा घेरिएका छन् । झापा ५ बालेनमय भएको छ । केपी ओलीलाई कसैले हायलकायल पारिदिएको छ भने बालेनले ।

ओलीले १४ वर्ष गोलघरमा बसेको भन्दा डाहा र छटपटीको अग्निपरीक्षा दिइरहेको भान हुन्छ । बालेनले जित्दा जनताले जित्छन्, ओलीले हार्दा ज्यानमाराले हार्छ भन्ने भाष्य प्रचारमा छ । तर ओलीले जलाउने र बनाउने वीचको चुनावी प्रतिस्पर्धा हो भनेका छन् । यद्यपि ओलीको छटपटी झन झन बढेको देखिन्छ ।

## ओली, बालेन, गगनले भोट हाल्ने छैनन्

फागुन २१ को चुनावमा केही नेता यस्ता छन्, जो आफ्नो भोट आफैलाई नहाली चुनाव जित्न हिडेका छन् । कुनै निर्वाचन क्षेत्रमा एकभोटले यस्ता उमेदवारले चुनाव हारे भने तिनलाई कति बज्रपात पर्नसक्छ होला ? एकभोटले अथवा धाँधली भयो भनेर मुद्दा दिन त पाइन्छ, अर्को चुनाव आउन्जेल पनि मुद्दाको फैसला हुने गरेको छैन । कानुन व्यवस्था यतिसम्मको रहेको छ ।

जनयुद्ध गर्ने माओवादी अध्यक्ष प्रचण्डले माओवाद थन्क्याएर १८ पार्टी मिलाएर नेकपा बनाएर चुनावमा होमिएका छन् । ०७४मा चितवन, ०७९ मा गोरखा हुँदै ०८२ मा पूर्वीरूकुम पुगेका प्रचण्डले मतदान गर्न पाउने चितवनमा हो । चुनाव क्षेत्र छाडेर चितवनमा मतदान गर्न आउने कुरा त भएन ।




बालेन्द्र साह, उनले मतदान गर्ने क्षेत्र काठमाडौ हो तर उनी पूर्वप्रम केपी ओलीसँग चुनाव लड्न झापा ५ पुगेका छन् । उनले पनि आफूले आफैलाई मतदान गर्न आउने छैनन् । यसैगरी रास्वपाका अध्यक्ष रवि लामिछाने चितवन २ मा जित्ने निश्चित मानिएको छ । केही व्यक्तिहरूले रवि लामिछाने चलाख भएर बालेनलाई झापा पठाएर हराउन खोजेको भनिदैछ । तर विश्लेषकहरू भन्छन्- यसपल्ट बालेन साहले ओलीलाई चुनावमा पछार्ने सम्भावना छ । एमाले अध्यक्ष केपी ओलीले मतदान गर्ने क्षेत्र भक्तपुर १ हो, ओली ६ पटक झापा ५ बाट जितेर ४ पल्ट प्रधानमन्त्री बनिसकेका छन् ।

मतदान नगरी चुनाव जितेर प्रधानमन्त्री बन्ने घोषित पात्र बनेका कांग्रेस सभापति गगन थापाले मतदान गर्न पाउने काठमाडौं ४ हो । उनी चुनावका लागि सर्लाही ४ झरेका छन् । यी सबै उमेदावारको चर्चा शिखरमा छ ।

## रिपोर्ट चुनावपछि



७६ जना जेनजी पुस्ताको बलिदानमा बनेको अन्तरिम सरकारले जेनजी आन्दोलनमा भएको दमन र हत्याको छानबिन गर्न गठन गरेको गौरीबहादुर कार्की आयोगको म्याद फेरि २५ दिन थपेर निर्वाचनपछिमात्र रिपोर्ट बुझाउन सक्ने अवसर दिएको छ । आयोगले रिपोर्ट बुझाउन तैयार गरिसकेको थियो, रिपोर्ट थन्किन पुगेको छ ।

जेनजी आन्दोलन हुँदा एमाले अध्यक्ष प्रधानमन्त्री र कांग्रेसका नेता लेखराज गृहमन्त्री थिए । यिनी दुबैले जेनजी पुस्ताको हत्याको जिम्मेवारी लिएनन् । रिपोर्ट सार्वजनिक गर भनेर यिनैले दबाब दिएका छन् ताकि चुनाव विथोल्न सकियोस् । चुनाव नबिथोलियोस् भनेर सुशीला कार्की सरकारले चुनावपछि रिपोर्ट बुझाउन म्याद थपेको हो ।

फागुन २१ मा चुनाव सम्पन्न भएपछि सुरक्षा जोखिम कम हुने निष्कर्ष सरकारको छ । त्यसपछि सरकारले प्रतिवेदन बुझ्ने भनिएको छ । आयोगले थप ३ हप्ता आरामले काम गर्न पाउनेछ, एमालेको रिपोर्ट सार्वजनिक गर्ने चुनौतीलाई प्रम सुशीला कार्कीले नसुन्याझैं गरिदिएकी छिन् । यता राष्ट्रिय मानवाधिकार आयोगले पनि जेनजी आन्दोलनमा ७६ जनाको ज्यान गएको विषयमा अनुसन्धान गरिरहेको छ । मानवाधिकार आयोगले पनि प्रतिवेदन निर्वाचनपछि सरकारलाई दिनेछ ।

## भ्रष्टाचारको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ



नेमकिपाले चुनावका लागि घोषणापत्र जारी गर्दै भनेको छ- भ्रष्टको सम्पत्ति राष्ट्रियकरण गरिनुपर्छ । अध्यक्ष नारायणमान बिजुक्छेले घोषणापत्र मार्फत भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गरी ठूला भ्रष्टाचारीहरूलाई सजाय हुने कानुनी व्यवस्था गरिने प्रतिबद्धता जनाएका छन् ।

नेमकिपाले तलव खान र विदेशी ऋण तिर्न ऋण लिने कार्यको बिरोध गरिने, जन्मका आधारमा नेपाली नागरिकता पाएका विदेशी छोराछोरीलाई वंशजको आधारमा नागरिकता दिने व्यवस्था खारेज गरिने, प्रतिनिधिसभामा जनताको विषयलाई छलफल गर्ने थलो बनाउन अग्रसरता लिइने बताएका छन् । अध्यक्ष रोहितले राम्रोसँग घोषणापत्र हेरेर मात्रै आफ्नो बहुमूल्य मत दिन मतदाताहरूलाई आह्वान गरेका छन् ।

## बहुमत दिनोस्, रोजगारीदेखि सुशासन दिन्छौं

रास्वपाले नागरिकसँग बहुमत दिनोस्, रोजगारीदेखि सुशासन हामी दिन्छौं भनेर बाचा गरेका छन् । रास्वपाले ५ बुँदे नागरिक करार सार्वजनिक गरेर यस्तो बताएको हो । यही नै रास्वपाको घोषणापत्र पनि हो ।

यो करारमा रास्वपाले पार्टीको प्राथमिकताका ५ क्षेत्र किटान गरेको छ । यी क्षेत्रमा सदाचार र असल शासन, मध्यम वर्गीय विस्तार, काम, कनेक्टभिटी र प्रवास रहेका छन् ।

रास्वपाका अनुसार नीति-नैतिकता, आचरण र संस्थागत सुधारका लागि ***‘भ्रष्टाचार विरोधी महाअभियान’*** चलाउने र विश्वसनीय, सदाचारी राज्य निर्माण गर्दै, सरकारी सेवाहरूको सर्वव्यापी डिजिटल डेलीभरी सहित ट्रान्सपेरेंसीको भ्रष्टाचार सूचकाङ्कमा भारी सुधार गर्ने, दलीयकरणको अन्त्य र २०४६ देखिकै सम्पत्ति छानविन गर्न उच्चायोग गठन गर्ने लक्ष्य राखेको उल्लेख छ ।


नागरिक करारमा औसत वार्षिक प्रतिव्यक्ति आय ३००० डलर नघाउन कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर (प्रचलित मूल्यमा) पुऱ्याउने, शत प्रतिशत बीमा गरिएको गुणस्तरीय स्वास्थ्य सेवा, शिक्षाको आमूल सुधार गर्ने, जन्मदेखि मृत्युसम्म आवश्यकतामा आधारित ‘एकीकृत सामाजिक सुरक्षा को ग्यारेन्टी आधुनिक बैंकिङ्गसहित वित्तीय सेवाहरूमा सबै नागरिकको पहुँच लगायत सख्त नियमनभित्रको सहकारी र लघु वित्त, मिटर व्याज शोषणको अन्त्य गर्ने दोस्रो लक्ष्य रहेको छ ।

तेस्रो लक्ष्यमा बाध्यात्मक पलायन घटाउन औपचारिक, सम्मानित, सुरक्षित र समावेशी १२ लाख नयाँ रोजगारी सिर्जना गर्ने तथा आइटी, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापारलाई प्राथमिकतामा राख्ने भनिएको छ ।

चौथो लक्ष्यमा प्रतिस्पर्धी अर्थतन्त्रका लागि गुणस्तरीय सड़क र हवाई सञ्जाल, भरोसायोग्य उर्जा ग्रीड र सबै बस्तीमा तीव्र गतिको सुलभ इन्टरनेट, १५ हजार मेगावाट विद्युत् जडित क्षमता, ३० हजार किमि राष्ट्रिय राजमार्ग निर्माण र १० वटा राष्ट्रिय महत्वका सिग्नेचर आयोजना सम्पन्न गर्ने भनिएको छ ।

रास्वपाको पाँचौं लक्ष्यमा विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन मताधिकार वंशजको नागरिकताको निरन्तरता, सार्वभौम डायस्पोरा फण्डको कार्यान्वयन गर्ने, सुरक्षित लगानी र सम्मानित देश फिर्तीको वातावरण र मर्यादित वैदेशिक रोजगारी तय गर्ने लक्ष्य छ ।

# लावण्य देशका राजा र हामी नेपालीको सपना



**बैकुण्ठ भण्डारी**
bhandaribai@gmail.com

लावण्य देशमा नवराजलाई हात्तीले माला लगाइदिएरै राजा भएको हो । कसको भाग्यमा के लेख्या छ के था ? गुइँठे त्यही भएर अहिले गाउँ-गाउँ छिरेको छ । कहिले कृष्ण बनेको छ, कहिले गिरिधर बनेर । गुइँठेको रूप अनेक भएका छन् । मौका हिरा फोरेन भने हिरा ढुंगामा नै परिणत पनि हुनसक्छ । गुइँठेलाई सबैले राम्रै मानेका छन् । पिपलबोटको चौतारीमा पुग्दा होस् कि हरिहरफाँटमा पुग्दा होस् । टारतिर पनि उस्तै ।

स्वस्थानीमा हात्तीले माला लगाइदिएको भए पनि अहिले स्वार्थ बोकेका मानवहरूले गुइँठेलाई माला लगाइदिएका छन् । मन लागे लगाउँछ । मन नलागेका बारीको पाटामा फालिदिन्छ ।

गुइँठेका बाले भन्ने गर्दथे : कहिल्यै नसुध्रने भो । कहिले कसको बाख्रा चोर्ने, कहिले कसको काँक्रा चोर्ने । चोर्न पनि अरूलाई लगाएर त्यसको फाइदाजति सबै आफैंले खाने । चोट पाउने अरू, भोज गर्ने गुइँठे । गाउँका नाइके छान्ने तयारी भएकाले ऊ गाउँ-गाउँ घुमिराको छ । गुइँठेका अघि-पछि वल्लो टोलदेखि पल्लो टोलसम्मका केटाकेटी जम्मा भएका छन् । गुइँठेको जयजयकार मनाइरहेका छन् ।

घरकै बाउको कुरा त नसुन्ने गुइँठे अरूको कुरा सुन्ला ? चोरको बाउ चण्डाल पो छ त ! उसलाई मन पर्ने भनेकै बाहिर बोक्रो भित्र खोक्रो हो । भित्र जेसुकै होस्, बाहिर चिटिक्कै चाहिने । नाम पो गुइँठे राखिदिएका हुन् त । खासै नबोल्ने । हजुरबाउले भनेका थिए अरे- 'कि त गरिखानु, कि त मरिजानु !'

होला निकै इख लिएर बस्ने हो, भित्रभित्रै सिध्याउने गर्छ यो गुइँठेले । के गर्छ नै थाहा हुँदैन । त्यसै हजुरबाउले गुइँठे नाम राखेका हो र ? केटाकेटीदेखि नै बदमासी जानेको केटो हो । संगत पनि उस्तैउस्तैसँग गर्ने । खेतमा लाको कुलै भत्काइदिने । गोठमा बाँधेको वस्तुभाउ नै फुकाइदिने ! फल दिने बेलाको रूखको हाँगा नै भाँचेर स्वाहा बनाइदिने ! फसल दिने बेलाको धानबारीमा केटाहरूलाई चंगा चेट भन्दै आफू चंगा उडाउने उनीहरूलाई खेतमा कुदाउने । यसको कुरै छाडौं ।

'संगत गुनाको फल' भन्छन् नि- पार्टी पौवामा बसेर शिवबुटी तान्ने, हरियो पर्दा राखेको मिठाइ पसलमा गएर बाहिर पिठो, भित्र मिठो भन्दै चामल र कोदोको जुस हान्ने । त्यस्तो गुइँठेको पछि अरू को लाग्छन् ?

अहिले गाउँभर उसकै हल्ला, गुइँठेकै स्यानाब्यानाबाहेक अरूको हुँदै हुँदैन । आफूले गरेका सबै ठीक अरूले गरेको सबै बेठिक । चौतारामा बसेका ठूला बा हुन् कि, डुडेखेतमा घाँस काटिरहेकी लाटी आफैं हुन् । उसलाई केही मतलव नै छैन । आफू खुसी भएन भने केही न केही उपद्रो गरिहाल्ने । त्यही पनि आफ्नै बुद्धिले भएता ठिकै हुन्थ्यो नि ! अर्काले बुद्धिले कति दिन हिँड्नु ?

बजिया, गुइँठेलाई सबै कुरामा मन पराइदिनुपर्ने अरे । त्यस्तो पनि हुन्छ ? काकाको कुन्युमा डढेलो लगाइदियो ! फूपूको गोठको गाईको दाम्लै फुकाएर भगाइदियो ! अन्तरे काइँलाको छोरालाई भिरबाटै घचेडीदियो ! यस्तो त गाउँमा कति गऱ्यो गऱ्यो । अब अहिले उसैलाई मुली बनाउनपर्ने रे ? सपना देख्नु त पर्छ । तर त्यसका लागि आफूले पनि त गर्नुपऱ्यो नि सत्कर्म ! कुकर्म गरेर धर्म कमाउन सकिनँ !

गाउँले गुइँठेको अनुहार हेरेर पो मन पराएका हुन् त, बानी व्यवहार हेऱ्यो भने त उही हो ! छिमेकीले उचालेको भरमा बुर्लक्क बुर्लक्क बाउआमालाई समेत नटेरी घरबाट हिँड्यो भने के हुन्छ ? सपना सपनामा मात्रै सीमित हुन्छ ।

बानी सुधार्नु छैन । अरूले उक्साको भरमा दौडिएको छ । आफ्नै घराँ डढेलो लगाएको छ अनि सपनाचाहिँ मुली बन्ने देख्या छ । तेरिमा गुइँठे ! विवेक प्रयोग गर्नुपर्छ पहिले । विवेकशील भएपछि अरूको सन्काइमा दौडिनै पर्दैन । सुझाव जोसँग लिए हुन्छ, निर्णय गर्ने क्षमता आफसे आफ आइहाल्छ नि । खोई बुझेको ?

# गौर डुबानको जोखिम बढ्ने चिन्ता

**गौर डुबानको जोखिम बढ्ने चिन्ता– बाँध मर्मतका नाममा उच्चाइ बढाउने र साइफन बन्द गर्ने काम तीव्र, प्रशासन मौन - प्रेमचन्द्र झा**

रौतहट । जिल्लास्थित गौर भन्सार कार्यालयदेखि पूर्वतर्फ बाँध मर्मत तथा सम्भारको नाममा बाँधको थप उच्चाइ बढाउने र साइफन बन्द गर्ने कार्य तीव्र गतिमा भइरहेको भन्दै स्थानीयले गम्भीर आपत्ति जनाएका छन् । हरेक वर्ष वर्षायाममा गौर डुबानमा पर्ने प्रमुख कारण यही बाँध रहेको दाबी गर्दै उनीहरूले उक्त कार्य रोक्न माग गरेका छन् ।

स्थानीय बासिन्दाका अनुसार दशगजा क्षेत्र आसपास कुनै किसिमको भौतिक संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय प्रावधान रहे पनि दशगजादेखि करिब ३०/४० मिटर पर बाँध निर्माण तथा स्तरोन्नतिको काम भइरहेको छ । "मर्मतको बहानामा बाँध अझै अग्लो बनाइँदैछ र साइफनसमेत बन्द गर्ने काम भइरहेको छ । यसले पानीको निकास अवरूद्ध भई फेरि गौर डुबानमा पर्ने निश्चित छ," रौतहटका समाजसेवी महमद अजादले भने- रौतहटमा दुःख धेरै छ ।




अजादका अनुसार वडा अध्यक्ष, नगर प्रमुख, जिल्ला प्रशासन कार्यालय, सशस्त्र प्रहरी बल लगायत सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कुनै सुनुवाइ नभएको गुनासो छ । "हामीले सबैलाई जानकारी गरायौं, तर कसैले चासो देखाएन । यसले हामी थप मर्कामा परेका छौं," अर्का स्थानीयले बताए ।

स्थानीयको भनाइमा, यदि तत्काल उक्त कार्य रोकिने पहल नभए आगामी वर्षायाममा गौर पुनः गम्भीर डुबानको जोखिममा पर्नेछ । यस विषयमा सम्बन्धित सरकारी निकाय तथा राजनीतिक दलका प्रतिनिधिहरू मौन बसेको आरोप पनि लगाइएको छ ।

यस सम्बन्धमा सरोकारवाला निकायको आधिकारिक प्रतिक्रिया आउन बाँकी छ । स्थानीयले भने तत्काल स्थलगत अनुगमन गरी विवादित निर्माण कार्य रोक्न र दीर्घकालीन समाधान खोज्न माग गरेका छन् । जनताको मागको सुनवाई हुने छाँटकाँट देखिदैन ।



**गणतन्त्र नेपालको भविष्य निर्वाचनको एक दिनले मात्र निर्धारण गर्दैन, यो प्रश्नको उत्तर अब संविधानको शब्दशब्दमा मा होइन, राजनीतिक व्यवहारमा खोजिनुपर्छ ।**







# मोरङ ४ मा १९ वर्षकी एक्ली तेस्रोलिंगी

को हुन् मोरङ ४ की १९ मध्येकी एक्ली तेस्रोलिंगी प्रत्यक्ष उम्मेदवार नुमा ?

नुमा लिम्बु चञ्चला सङ्घर्षले खारिएकी पात्र । उनीसँग सुनाउने खुसीभन्दा पीडाका कथाहरू धेरै छन् । सानै उमेरमा बुबाआमा गुमाएकी टुहुरी, त्यसमाथि फरक लैङ्गिक पहिचान बोकेर हुर्किनुपरेको जीवन । उनले समय र समाजसँग निरन्तर कुस्ती खेल्दै आफूलाई यहाँसम्म ल्याइन् । नुमा उमेरले ३९ वर्षकी भइन् ।

मोरङको बबिया बिर्ता (हाल रङेली नगरपालिका) को परालले छाएको एक झुपडीभित्र जन्मिएकी थिइन्, नुमा । उमेरले काँचो, मनले मायाको तिर्खा पिएको त्यो बाल्यकालमा नै उनको काँधबाट मायाका हातहरू छुट्टिए । पहिले आमाबुबाको निधन, त्यसपछि समाजको ठेलमठेल । "माया दिने सबै गुमे, अनि म आफैँलाई पनि गुमाउँदै थिएँ," उनी भन्छिन् । जीवन त्यत्तिकै हरेस खाएर सकिने थियो, यदि एक दिन विराटनगरको एक गैरसरकारी संस्थाको कार्यक्रममा उनी आफैँजस्तै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू भेटेकी नहुँदी हो त । त्यहीँबाट सुरू भयो, पहिचानको आत्मस्वीकृति, जीवनको पुनःपरिभाषा र आफूजस्तै धेरैलाई उज्यालो देखाउने यात्रा ।

आफूजस्तै भिन्न पहिचान भएका समुदायसँग घुलमिल हुँदै कोशी प्रदेशको झापा, दमकमा 'लिड नेपाल' संस्थामार्फत विभेद, तिरस्कार र घृणाको अन्त्यका लागि उनले आवाज उठाइन् । तर विडम्बना, उनी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकारकर्मी भनिनेहरूबाटै हेपिइन् । अधिकारकर्मी भनिएकाहरूले उनको आवाज दबाउने काम गरे । नीति निर्माण तहमा पुगेर राजनीति गर्नुपर्ने बेला आफ्नै समुदायमाथि किन शोषण? नुमाले यो प्रश्न पटक-पटक उठाइन् । युएसएआईडीको अनुदान बन्द भएपछि ती समूहहरूले उनलाई बाइकट नै गरे । त्यसपछि उनले युएसएआईडीको ८ करोड रूपैयाँ गायब बनाइएको तथ्य सार्वजनिक गरिदिइन् ।

नुमाले जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा उजुरी दिइन् । जेनजी आन्दोलनअघि नै दिएको उक्त उजुरीमा प्रशासन कार्यालयले हालसम्म पनि कुनै सुनुवाइ गरेको छैन । त्यसपछि उनले संस्थाको पारदर्शिता र जबाफदेहिता माग गर्दै राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिइन् । आयोगले पटक-पटक पत्र पठाउँदा पनि अटेरी गरेपछि जिल्ला प्रशासन कार्यालय काठमाडौं मार्फत ब्लु डायमन्ड सोसाइटीकी सुवेन ढकाल (मनिषा) ले पत्र त बुझिन् । संस्थाभित्रका अनियमितता लुकाउन उल्टै नुमालाई नै कारबाही गर्नुपर्ने मागसहित उच्च अदालत पाटनमा मुद्दा दायर गरिन् ।

तर उच्च अदालत पाटनले सूचना उपलब्ध गराउने आयोगको निर्णयलाई सदर गरिदिएको छ । सो आदेश आयोगमा पठाउने तयारी भइरहेको उच्च अदालत पाटनले जनाएको छ । जेनजी आन्दोलनको मूल माग नै भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्नु थियो । तर ब्लु डायमन्ड सोसाइटीले जेनजी आन्दोलनका मागलाई धज्जी उडायो । यति हुँदाहुँदै पनि जबाफदेहिता र पारदर्शिताका लागि नुमाले आफ्ना पाइला रोकेकी छैनन् । लैङ्गिक समानता, दिगो विकास र महिलाको सशक्तीकरणसम्बन्धी दक्षिण एसियाली स्तरको दुई साता लामो आवासीय तालिम कार्यक्रममा नेपालकी लैङ्गिक अधिकारकर्मी चञ्चलाले यसैवर्ष सहभागिता जनाइन ।

उनी टियुआई फ्युचर शेपर्स ग्लोबल यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक पर्यटन नवप्रवर्तनकर्ता कार्यक्रममा आधिकारिक रूपमा छनोट समेत भएकी छन् ।

यो कार्यक्रम अन्तर्राष्ट्रिय समावेशी पर्यटन सङ्घ र टियुआई केयर फाउन्डेसनको संयुक्त आयोजनामा सञ्चालन हुँदै आएको हो । यसको उद्देश्य कानुनी सुरक्षाको पहुँच अझै सीमित रहेका मुलुकहरूका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक उद्यमीहरूलाई सशक्त बनाउँदै समावेशी पर्यटन प्रवर्द्धन गर्नु हो । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको राजनीतिमा उपस्थिति नहुनु नै कमजोरी भएको अनुभूति उनले गरिन् । यही महसुसपछि ब्लु डायमन्डका संस्थापक अध्यक्ष तथा पहिलो संविधानसभा सदस्य सुनिल बाबु पन्तले नुमा सहितका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई राजनीतिक दलमा आबद्ध गराउन पहल गरे । तर दलहरूले आश्वासन मात्रै दिए ।

अन्ततः पन्तको संरक्षकत्व र सल्लाहमा जेनजी आन्दोलनपछि नयाँ दलको उदय भयो समावेशी समाजवादी पार्टी । निर्वाचन आयोगमा दल दर्ता भयो र फागुन २१ गते हुने निर्वाचनमा यस दलका समानुपातिकतर्फ १५ जना र प्रत्यक्षतर्फ ६ जना कमान्डर चुनावी मैदानमा उत्रिएका छन् ।


भरखर खुलेको पार्टी, राजनीतिमा नयाँ अनुहारहरू, र पुराना तथा नयाँ शक्तिसँग प्रतिस्पर्धा गर्नुपर्ने चुनौती नुमा सहित सबै उम्मेदवारसामु छ । नुमा मोरङ निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रत्यक्षतर्फ उम्मेदवार बनेकी छन् । उनलाई नेपाली कांग्रेसका महामन्त्री गुरू घिमिरे पूर्वमन्त्री अमनलाल मोदीजस्ता चर्चित अनुहारसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । निर्वाचन क्षेत्र नम्बर ४ मा । नुमासँगै १९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । उनीसँग एमालेका जिवन घिमिरे, रास्वपाका सन्तोष राजवंशी, राप्रपाका माधव प्रसाद आचार्य ।, जसपा नेपालका तवरेज अखतर आलम, जनमत पार्टीका जिवन कुमार गुप्ता, श्रम संस्कृति पार्टीका कृष्ण कुमार अटल, नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का हरि बहादुर बस्नेत, आम जनता पार्टीका अशोक शर्मा, सहित १६ वटा दलका र ३ स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

तर उनी आत्तिएकी छैनन् । सामाजिक सञ्जालमार्फत मतदातासँग भोट मागिरहेकी छन् । मोरङ निर्वाचन क्षेत्र नम्बर ४ मा १ लाख १९ हजार २५५ मतदाता छन् । उनी आफूसहित प्रत्यक्षतर्फका ६ उम्मेदवारलाई सर्वसम्मत निर्वाचित गराइदिन प्रतिस्पर्धी दलहरूसँग सहयोगको अपिल पनि गरिरहेकी छन् ।




कोशी प्रदेशको ओखलढुङ्गाबाट पिंकी राई, लुम्बिनी प्रदेशको रूपन्देही-२ बाट देवेन्द्रबहादुर खत्री (मधु), काभ्रेपलान्चोक-१ बाट विनोद लामा (कोनिका), काठमाडौँ-१ बाट सुरेन्द्र पाण्डे र काठमाडौं-१० बाट पूर्णचन्द्र पौडेल प्रत्यक्षतर्फ उठेका हुन् । १६५ निर्वाचन क्षेत्रमध्ये ६ वटा क्षेत्रमा समर्थन गरिदिन नुमाले दलहरूसँग अनुरोध गरिरहेकी छन् । उनले आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि गर्नुपर्ने कामको सूचीसमेत तयार गरिसकेकी छन् । चुनावअघि आश्वासन दिने र चुनावपछि फर्केर नहेर्ने विगतका जनप्रतिनिधिको तितो अनुभव उनी आफैँ भोगेकी छन् ।

## प्रेम



आभासमा रमाउँछ
कतै भित्र दुख्छ !
गहिरो सुख, गहिरो घाउ
मनको चञ्चलतामा
गहिरो विचलन
सुखमा पनि दुःख
प्राप्तिमा मुस्कुराउँछ
रोदनमा श्रावण
खुसीमा रङ्गिन्छ
र अप्राप्तिमा मडारिन्छ।
पवन झैं बतासिन्छ
झरना झैं छङ्छ्गाउँछ
बनेर मधुर आवाज पहरामा
ठोक्किन्छ
रसाउँछ कन्दराहरूमा
साउती मार्छ हावासँगै
रम्छ बनपाखा पखेरामा
बगिदिन्छ कञ्चन नदीहरूमा
ठोक्किँदै, धमिलिँदैं, सङ्लिँदै।
त्यसैले प्रेम प्रदिप्त हो
उषा हो, क्षितिज हो
प्रेम नदी हो, झरना हो
मगमगाउने फूल हो
कलात्मक भाव हो
मीठो स्वप्न हो
सम्वन्धको कडी हो
जीवनको अस्तित्व हो ।
प्रेम यादहरूको सुनामी हो
हुत्याउने
हृदयको घाउ, मनको कम्पन हो
विचलित गराउने
नदीको धार हो
निरन्तर रेटिरहने
हिउँ हो जमाउने
आगो हो खरानी बनाउने ।
यद्यपि प्रेमको आकार,
प्रकार हुँदैन
रङ्ग हुँदैन, वासना हुँदैन
हिसाब, किताब हुँदैन
मूल्य र सम्झौता हुँदैन ।
जब प्रेम रङ्गमा रङ्गियो भने
आकार, प्रकारमा बदलियो भने
मोलमोलाईमा गयो भने
सम्झौतामा रह्यो भने
प्रेम प्रेमकै अस्तित्वमा सखाप हुन्छ
त्यसैले अनन्तसम्म दुख्छ
मूल्य र सम्झौतामा दुख्छ ।
यस्तो लाग्छ
प्रेम चन्द्रमाको चाँदनी होस्
शान्त शीतलता दिन
प्रेम कञ्चन नदीको पानी जस्तै
होस्
बगिरहन
अथाह सागर बनोस्
कहिल्यै नसुक्न
फूल बनोस् मगमगाइ रहन
पवन बनोस् मिठासले झौंकाउन
प्रदीप्त बनोस् जीवन उज्यालिन
प्रकृति बनोस् जीवन बुझाउन ।
**(प्रणय दिवसको शुभकामना हजुरहरू सम्पुर्णमा ।)**

**दुर्गाकिरण तिवारी**

## लघु कविता दर्पण

सिन्दुर लाको पोते लाको फोटो मलाई नपठाउनु
जल्ने छ म परालको गुन्टो मलाई नपठाउनु ।

कहिले काही याद आउँदा चुम्नु रून ओछ्यान्मा
दराजमै रहोस् मेरो भोटो मलाई नपठाउनु ।

चोखो माया गर्छु भन्थेउ तिमी बिना मर्छु भन्थेउ
उपहारमा कात्रो छ रे छोटो मलाई नपठाउनु ।

फुल्न काहाँ सक्यो मेरो तिम्रो जसरी जिन्दगी
पानी लाऊ भन्दै फेरी लोटो मलाई नपठाउनु ।




सक्ने छु म तिम्रो लागी आफ्नै सिर रेटी हेर्न
धारीलो तरबार पठाउँदा मोटो मलाई नपठाउनु ।

**सुन्दर रोका, दोलखाली**

## गजल : उषा केसी

बित्दैछ रात सधैं भिज्दैछ सिरानी
लेखेर नसकिने भयो अब कहानी ।

मध्ये रातमा आउँछौ प्याला पिएर
प्यालासँगै पिउँदैछौ सधैं मेरो जवानी ।



सुगा झैं सधैं कैदी बनाएर राख्छौ
खुशी हुनै पाइन मैले कुनै बिहानी ।

निष्ठुरी भै छोडेर जान सक्दिन कहिले
मनमुटु भित्र राखेकोछु तिम्रो निशानी ।

हुरी आधी थेग्दै कैयौ बसन्त बिताए
अझै कति थेग्नु पर्छ असिना पानी ।

अकेली थिए साथ दिँदै हात समायौ
जाऊ कता थाहा छैन देशकै राजधानी ।

## सफलताभित्र नियाल्दा




अरूणबहादुर खत्री

लघुकथाकार लता के.सी. को सफलता नामक लघुकथासङ्ग्रह २०८० सालमा तेस्रो कृतिको रूपमा प्रकाशित भएको छ । यसभन्दा अगाडि उनको चोटदेखि मृत्युसम्म नामक लघुकथासङ्ग्रह २०७७ सालमा र दृश्य नामक लघुकथासङ्ग्रह २०७८ सालमा निस्केको थियो । यस कृतिभित्र उनले लेखेका कदम, आरोप, प्रभाव, बुझाइ, भोक, कुण्ठा, अदृश्य, कला लगायत विभिन्न शीर्षकका ६१ वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ६१ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको कदम शीर्षकको पहिलो लघुकथामा छोरीको इच्छाअगाडि आमाबाबु लाचार भए । बिहे भयो । पहिलो रातमा नै केटाले गजबको कदम चाल्यौ नत्र यति सहजै हाम्रो बिहे कहाँ हुन्थ्यो र ? भनेको बारेमा लेखिएको छ ।

यस सङ्ग्रहभित्रका लघुकथामा आन्तरिक तथा बाह्य दुबै दृष्टिबिन्दुको उपयोग भएको छ । लघुकथाको आयाम छोटोछरितो हुन्छ । छोटोको मापन गर्ने एक स्थूल आधार शब्दसङ्ख्या पनि हो । कसैले २५० र कसैले ३०० शब्दलाई एउटा लघुकथाको अधिकतम शब्दसीमा मानेका छन् । प्रभाव शीर्षकको लघुकथामा दर्शकदीर्घाबाट समर्थकहरूको कोलाहल मच्चियो । वातावरण तातेर उधुम भयो । भर्खर सत्र बसन्त टेकेकी रिनाले छमछम नाचिरहँदा सबै लठ्ठ परिरहेका थिए भनेर लघुकथाकार लताले लेखेकी छिन् ।

लघुकथाकार लताका कथाहरू छोटा भए पनि निक्कै अर्थपूर्ण छन् । कथाका विषयवस्तु विविधतापूर्ण छन् । भोक शीर्षकको लघुकथामा बिरालोले कुकुरलाई विश्वास दिलाउँदै म दुध भात खाएर आउँछु । बरू तेरा लागि मासु कहाँ र कति छ भनेर बुझेर आउँछु नि । अनि तैले मासु र भात खानू । हुन्न ? भनेको छ । फरक शीर्षकको लघुकथामा आफूले बेचेको




खसी र पालेको भाइका बिचको अन्तर देखाउँदै मानवीय बेइमान चरित्र उजागर गरिएको छ । बालापन शीर्षकको लघुकथामा रमाइलो बालापनको स्मरण गरिएको छ । नातिसँगै मोबाइलमा रमाउने क्रममा बालापनको स्मरण भएको हो । लघुकथा अहिलेको लोकप्रिय विधा हो । स्थापित सर्जकहरू पनि लघुकथामा कलम चलाउन थालेका छन् । सफलता लघुकथा सङ्ग्रहबाट लता लघुकथाकारको अवतारमा देखिएकी छिन् । निर्णय शीर्षकको लघुकथामा बाबु फाल्ने डोको लोककथामा झैं बाआमालाई उपेक्षा गर्ने बाबुआमालाई नातिका प्रश्नले झस्काएको छ । विचित्र शीर्षकको लघुकथामा देशैभरि चुनावको चहलपहल बढ्दो थियो । कालु गाउँ छाडेर सहर छिर्छ । घुम्दै हिँडेका कुकुरहरूको जुलुस देख्छ ।

सङ्ग्रहभित्रका सबै लघुकथाहरू सवाल्टर्निक छैनन् । विषय र विचारगत विविधता लताका कथाहरूको विशेषता हो । चेली शीर्षकको लघुकथामा पोइको सधैँजसो जाँड धोक्ने बानीले उनी आजित थिइन् । सधैँ उही विषयमा घरमा कलह मच्चिरहन्थ्यो भनिएको छ । सफलता लघुकथासङ्ग्रहभित्रका लघुकथामा सामाजिक यथार्थको सूक्ष्म चित्रण पाइन्छ । अनुरोध शीर्षकको लघुकथामा मानिसले प्रकृति या धर्तीको रक्षकबच नष्ट गरेको हुँदा अनेक किसिमका रोगव्याधि र महामारीको प्रकोप बढेको बारेमा देखाइएको छ ।

लताका प्रायः लघुकथाले गह्रुङ्गो औपन्यासिक खुराक बन्न सक्ने विषयवस्तुलाई लघुकथाभित्र अटाएका छन् । सूक्ष्मता, तीब्रता, घनत्व, व्यङ्ग्य, सन्देश, पात्रको सन्तुलन र विपरित मार्गबाट जीवनबोध गराउनु लघुकथाको आधारभूत तत्वहरू हुन् । लताको लघुकथाको भाषा सरल, सहज र सुबोध्य छन् । परिवर्तन शीर्षकको लघुकथामा कार्यालयमा काम धेरै भएकाले साँझ उनलाई घर पुग्न ढिलो भयो । शरिर थकित थियो । कोठामा पस्नासाथ उनी ओछ्यानमा पल्टिइन् भनेर लताले लेखेकी छिन् । लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ तर अंग्रेजी साहित्यमा भने जति लामो कथालाई पनि सर्ट स्टोरी भन्ने चलन छ । लघुकथाका सम्बन्धमा विविध परिभाषा, बिचार र दृष्टिकोणहरू छन् । जे भए पनि नेपाली साहित्यमा लघुकथाले आफ्नो अलग स्वरूप र विधा ग्रहण गरिसकेको छ । यसै सन्दर्भमा नेपाली समाजको यथार्थ भोगाइहरू यसभित्र लेखिएका लघुकथामा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार लताले मनन गरेकी छिन् । विषयवस्तुका हिसाबले बहुमुखी छन् । लताका लघुकथा उनले देखेको व्यक्ति, समाज र राष्ट्रका साथै सुनेका घटनामा पनि आधारित छन् । यिनका कतिपय लघुकथा समय र स्थान सीमाका रूपमा पनि आएका छन् ।

यस सङ्ग्रहका थोरै लघुकथा शिक्षासम्बद्ध छन् । कर्म शीर्षकको लघुकथामा दाउरे भारी बोकेर गन्तव्यतिर हिँड्यो । दाउरेले यसरी नै गुजारा चलाउँथ्यो । पसिनाले पेट र परिवार पाल्नु उसको नियति बनेको थियो भनेर देखाइएको छ । मनस्थिति शीर्षकको लघुकथामा हामी सबै कर्मचारीहरू कम्पनीलाई घर ठान्थ्यौ । दिलोज्यान दिएर काम गर्थ्यौं । प्रगति देखेर कम्पनीका मेनेजर निकै खुसी थिए भनिएको छ । लघुकथाकारको व्यङ्ग्य चेत, सामाजिक चेत प्रशंसनीय छ । लताको लघुकथामा समाजको चरित्र स्पष्ट देख्न सकिन्छ । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दो छ । अन्त्यमा लताको अन्य कृतिहरू पनि प्रकाशित भएर पढ्न पाउने बाचा गरेको छु ।

लेखक: लता के.सी. प्रकाशक: हाम्रो लघुकथा केन्द्र, काठमाडौं
संस्करण: पहिलो, २०८० मूल्य: रू.२००।-

## केही मुक्तकहरू



कर्तव्य छोपेर अधिकार देखाउँछन् बाठाहरू
अरूलाई मेटेर आफैलाई लेखाउँछन् बाठाहरू
पद, प्रतिष्ठा, सम्मान र स्वार्थका पूर्ति गर्न
लम्पसार परेर टाउकै ओछ्याउँछन् बाठाहरू ।

**- गंगा दहाल**



धेरै थोरै चर्चा सुनेकै भरमा बताई दिनसक्छु
नदीले ठक्कर खाए झैं बगरमा बताई दिनसक्छु
कति प्रतिशत बाँकी रहेछ तिम्रो इज्जतको दर्जा
तिमीलाई देखुँ न एकै नजरमा बताई दिनसक्छु

**- अन्जिता राउत**



नदीको प्रवाहझैं आफ्नै गतिमा समय चल्दैछ -
युग मातेर आगोझैं ह्वारह्वार प्रतिक्षण बल्दैछ
मन चैं अनन्तमा निरूद्देश्य छ एक्लै भौंतारिंदै-
पिल्सिएर आज सत् बाट असद्विचार जल्दैछ ।

**- केशवराज आमोदी**



मेहनतभन्दा बढी फल खोज्दा पागल भएँ
आफूलाई घृणा गर्ने मान्छे रोज्दा पागल भएँ
दुनियाँमा जो मेरो दुश्मन बन्न लायक थिएन
उसलाई नै पूरै दुनियाँ सोच्दा पागल भएँ ।

**- अर्जुन अधिकारी**



तिमीले झैं मैले मर्यादाको लक्ष्मणरेखा तोड्न सकिनँ
चङ्कनको बदला चङ्कन हानी बाटो मोड्न सकिनँ
साँचो मायामा लेनदेनको सबाल नभए नै होला
मुटुमा तीर हान्नेलाई बेपर्वाहसँग छोड्न सकिनँ ।

**- गंगा खड्का**



विश्वास टुटेको प्रेमको महल ढल्नसक्छ
मृदु मिलनको शुभ साइत नै टल्नसक्छ
यदि मनको पुकार निर्मल पवित्र छैनभने
आगो नसल्काए पनि दिल जल्नसक्छ ।

**- बाबुराम न्यौपाने 'उत्स'**



एक्लो देख्दा लुट्न खोज्ने हजार भेटिन्छन्
दिल दिमाग भुट्न खोज्ने हजार भेटिन्छन्
हुँदैन कोही कसैको भरोसा कलि कालमा
भेट्न नपाई छुट्न खोज्ने हजार भेटिन्छन् ।

**- रूपा गौतम**



खाएर टन्न गाँस आराम गर्‍यो
लगाएर कपास आराम गर्‍यो
यात्री बनी निस्किएको बटुवा
पाएपछि बास आराम गर्‍यो ।

**- आर.पी. आचार्य**



न त गाढा भयो सम्वन्ध न त परिष्कार नै भयो
विवाहको अभ्यासले झन कमजोरमै प्रहार भयो
ज्यूँदै छन नारी मूल्य र व्यवहारप्रति गरिब सोच
मण्डप भन्दा तअदालत पो बढी जिम्मेवार भयो

**- चित्रा पौडेल**



नेपाली हुनुमा गर्व छ, मेरै भुमिमा हिमाल टल्केको छ
दौरासुरूवाल र गुन्यु-चोलीमा नेपालीपन झल्केको छ
स्वर्गजस्तै धराभित्र जनजातिका संस्कृतिउस्तै
मन्दिर र प्राकृतिक छटा हेर्न बिदेशी पनि पल्केको छ

**- कमला घिमिरे**



बलिन्द्र आँसुधाराले पोत्ने त्यो मझेरी चाहिन्न
मृत्युपश्चात सुन्दर स्वर्गको त्यो घडेरी चाहिन्न
यिनी दुई चिजमा एउटा रोज्नु परे मलाई
जुनको उज्यालो छोडेर औंसीको अँधेरी चाहिन्न

**- सुचिता काफ्ले**



किरण भन्दा पहिले ओठमा मुस्कान भरिनुपर्छ
आगनको कुना कुनामा मात्र तिम्रो सुवास छरिनुपर्छ
तिमी सबैभन्दा सुन्दरफूल हौ मैले रोपेको फुलबारीमा
जिन्दगीले चलाएसम्म नसोच्नु तिमी झरिनुपर्छ।

**- जुनु घिमिरे**

सत्यतथ्य र ताजा समाचारका लागि
www.sandhyakalin.com पढौं र
लेख, रचना, समाचार र बिज्ञापन पठाएर
सहयोग गरौं ।




| | | |
|---|---|---|
| **सम्पादक/प्रकाशक** | | **राजन कार्की** |
| **Editor/Publisher** | | **Rajan Karki** |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

**गोरखा एक्सप्रेस साप्ताहिक**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## चुनाव शान्तिपूर्ण हुनुपर्छ

जेनजी आन्दोलनपछि तय गरिएको फागुन २१ को चुनाव संघारमै आइसक्यो । यो चुनाव हुनुपर्छ र शान्तिपूर्ण हुनुपर्छ । अझै चुनाव हुन्छ कि हुन्न ? भन्ने संशय बढाउने तत्वहरू सकृय छन्, जुन दुर्भाग्यपूर्ण छ । सबैले बुझ्नुपर्छ- चुनाव लोकतान्त्रिक अभ्यासको मेरूदण्ड हो । यसले नागरिकलाई आफ्नो प्रतिनिधि छान्ने अधिकार दिन्छ र राज्य सञ्चालनमा जनताका प्रतिनिधिमार्फत जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्छ । हो, हिजो हिजोका चुनावहरूमा षडयन्त्र भए, भ्रष्टाचार र नैतिकहीनताका परिदृश्य अनेक देखिए । यसपल्ट सिधै असैद्धान्तिक गठबन्धन भएको देखिन्न । जनताले उचित ठानेका उमेदवारलाई मतदान गर्न सक्नेछन् । चुनाव सम्पन्न गराउन सेनाले समेत सुरक्षा प्रवन्ध मिलाएको छ । यसबाट पनि भन्न सकिन्छ, चुनाव हुन्छ ।

हो, देशमा धेरैपल्ट चुनाव भयो । चुनावपछि संसद, सरकारमा पुगेका नेताहरूले जनतालाई अनेदेखा गरे, जनताप्रति जवाफदेहीता लिएनन् । लोकतन्त्रप्रति निराशा बढ्नुको मुख्य कारण भ्रष्टाचार र नैतिकहीनता हो । राजनीतिको अपराधिकरणले देशलाई नाङ्गेझार पारिसकेको छ । देशको अस्तित्व नै संकटमा पर्दै गएको छ । देशभित्र अनेक विदेशीहरू चलखेल गर्न थालेका छन् । हरेक हिसावले नेताहरू गैरजिम्मेवार हुनपुगे । सुशासन कायम गराउन सकेनन् । लोकतन्त्रमा लोकमाथि नै अत्याचार बढाए । अब जनता सचेत भइसकेका छन् । यसपल्ट जनताले नैतिकवान नेतालाई जिताएर संसद र सरकारमा पठाउने विश्वास गर्न सकिन्छ । यो विश्वासको आधार गत भदौ २३ र २४ मा जेनजी पुस्ताले गरेको आन्दोलन प्रमुख हो । त्यो आन्दोलनमा ७६ जना जेनजी पुस्ताको सहादत पनि कसैले बिर्सन सक्दैनन् । जनतामाथि भएको राज्य आतंक सहिसाध्य नभएकाले भुल्न सकिने विषय होइन । पुराना नेता खराव भए, नयाँ नेताको खोजी फागुन २१ को चुनाव हो । यसकारण पनि यो चुनाव शान्तिपूर्ण र स्वच्छ रूपमा सम्पन्न हुनुपर्छ ।

नेपालमा पहिलो औपचारिक चुनाव राणाकालको अन्त्यतिर भएको म्युनिसिपल चुनाव हो (वि.सं. २००४) जसमा महिलालाई मताधिकार दिइएको थिएन । सार्वभौम जनताले बालिग मताधिकारको आधारमा पहिलो आम निर्वाचन वि.सं. २०१५ फागुन ७ मा भएको थियो, जसमा नेपाली कांग्रेसले दुई तिहाइ मत ल्याएको थियो तर जनघात रोक्न नसकेका कारण चल्न सकेन, पञ्चायत आयो र जनताले पञ्चायत व्यवस्था जिन्दावाद भन्ने अवस्था आयो । ०४६ सालको बहुदलीय व्यवस्थालाई नेताहरूले कालरात्रि बनाइदिए । भ्रष्टाचारको संस्थागत विकासको आधार नै यो व्यवस्था हुनपुग्यो । फलतः केही समय राजतन्त्र आयो र पछि जनआन्दोलनकै माध्यमबाट लोकतन्त्र आएको हो । लोकतन्त्र आएपछि पनि जनताले संविधानसभा, आवधिक निर्वाचनमा पटक पटक मतदान गरेकै हुन् । होलाकीले बुलाकी लायो, बुलाकीले नाकै खायो भन्ने उखानजस्तो हुनसपुग्यो संविधानसभा, संविधान र संसद । अत्याचारी शासन भएकै कारणले जेनजी पुस्ताले विद्रोह गरेर यो चुनाव हुनआँटेको हो । यो चुनावले सुशासनका लागि गर्नुपर्ने सबै दायित्व निर्वाह गर्नुपर्नेछ ।

मुख्य त चुनाव हुनुपर्छ, त्यसपछि यही संविधानमा सुधार कि नयाँ संविधान ? यसबारेमा विषद छलफलपछि निर्णयमा पुग्नुछ । यो निर्णय गर्नका लागि जनताले विवेकपूर्ण रूपमा चुनावमा सहभागी हुनुपर्छ । सकभर त्रिशंकु होइन, एउटै दललाई दुई तिहाइ मत दिनसके संवाद, सहमति र सहकार्य सहज रूपमा अघि बढ्नसक्छ । जनताले विचार पुर्‍याउने छन्, विश्वास गरौं ।

# नेताहरू, जनता ज्योति हुन्, ज्योतिले मोती खोज




राजनीति समाज बदल्ने र नेताको सफलता भेटिने शास्त्र हो । यो शास्त्रलाई व्यापार बनाइयो भने स्वार्थ पूर्ति त होला, असफलताले वर्तमान र भविष्यमा नमेटिने कलङ्क र घृणाको दस्तावेज हुनेछ । यसकारण राजनीति गर्नेले नीतिमा चल्नुपर्छ, नैतिकतामा अड्नुपर्छ, सिद्धान्तलाई जीवनशैली बनाउनै पर्छ । जो चुक्छन्, तिनीहरू एउटा कालखण्डमा पुगेपछि पछुताउने गर्छन् ।

इतिहासमा १९७५ वर्ष पनि आएको थियो । यही समयमा सिक्किमका चोग्याल चुके, लेण्डपले विदेशीको आड लागेर फुइँकी हाँकेपछि देश सकियो । देशको राष्ट्रिय फूल सुनाखरी झर्‍यो । आज सिक्किम छ, सिक्किमको राष्ट्रियता अर्कैको देश बनेको छ । राजा चोग्यालको इतिहास सकियो, लेण्डुप केही समयका लागि सफलजस्ता देखिए । छिटै उनको सत्तामा चम्किएको चेहरा कालाम्मे हुँदै गयो र जीवनको उत्तरार्धमा नेपालको चोभारमा लुक्न आउनुपर्‍यो, मुख छोपेरभट्किदै भट्किदै मृत्यु बरण गर्नुपर्‍यो । चोभारमा देखे भेटेका नेपालीलाई उनले शिक्षा दिएका थिए- देशभन्दा ठूलो राजनीतिक स्वार्थ होइन रहेछ । राजनीति भनेको त देश र जनताको मन जित्नुरहेछ । मैले सत्ता जितेँ तर सम्मान गुमाएँ । तपाईहरूले कहिले पनि सत्ताका लागि जनताको विश्वास नगुमाउनुहोला । जीवनको उत्तरार्द्धमा उनलाई जसले देख्यो, चिन्यो, उसले थु थु गरेर थुके । जति दिन बाँचे, मरेर बाँचे । जब मरे उनको नाम इतिहासको पानामा कालो अक्षेर भएर लेखियो । सबैले भन्छन्- राष्ट्रघाती, जनघाती लेण्डुपजस्तो नहुनु ।

लामो समय भारत, सिक्किमका मुख्यमन्त्री चलाएको भण्डारी हुन् कि पवन चामलिङ अथवा हालका पीएस गोले हुन्, उनीहरू नेपाल आइरहन्थे, हालै गोले नेपाल आएर मनकामनाको दर्शन गरेर फर्किएका छन् । ती सबैले समयक्रममा भनिरहे- नेपाल महान छ, नेपालको सार्वभौमिकता बचाउनुहोला ।ञञ

राजनीति गर्ने हुन् कि अध्यात्ममा रमाउनेहरू हुन्, तिनले ॐ, ॐकार र म भित्रको 'म' पर्गेल्नै पर्नेहुन्छ । अन्यथा तिनले स्वार्थ भेट्लान्, मुक्ति भेट्दैनन् ।

जीवनदर्शन । 'म' को महासागरमा जीवनज्योतिर्मय मोति खोज्ने अध्यात्ममय साहस अदम्भय छ । जो कसैमा सम्भव छैन । जीवनको उत्तरार्द्धको उकालो चढ्न स्याँ स्याँ फ्याँफ्याँ गर्न सुरू भइसकेपछि मान्छे 'मभित्रको म' खोज्न थाल्छ । सांसारिक माया, मोहबाट टाढा हुँदा यस्तो आत्मवोध हुनथाल्ने रहेछ । मलाई लाग्यो, जीवनको उत्तरराद्धको यो विषय हो- ॐ । जन्म, जगत, जीवन र मृत्यु- ॐ अर्थात् सीमाहीन अनन्त...'म' को सीमित जीवनलीला त्यो अनन्तसम्म पुग्न सामर्थ्य राख्दैन । वानप्रस्थ उमेरमा त झन यो असम्भव नै छ । तर यथार्थ, त्यो मार्ग मान्छेभित्रको 'म' को बिकल्पहीन मार्ग पनि हो । पृथ्वीमा अवतरण गर्दा च्याँहाँ च्याँहाँ गर्नु ॐ हो, आँखा चिम्लने स्थितिमा पुग्नु पनि ॐ हो । ॐ को गहिराई 'ममित्रको म' ले कहिले नाप्न सक्दैन । त्यो सिद्धि प्राप्त गर्न नसके पनि मर्ममार्ग पवित्र छ, त्यो पवित्रतामा प्रवेश गर्नु नै मानवीय मर्म मार्गको महात्म्य हो शायद । ॐ भन्दा पर केही छ र...? तैपनि प्रत्येक जीव कुनै न कुनै रूपको 'मभित्रको म' को प्रताडनाबाट मर्माहत छ । शायद जीवनजगत यही हो ।

'म' आदि हो कि अन्त, सुरू हो कि मध्य, शान्ति हो कि अशान्ति, सिर्जना हो कि विध्वंश, पाण्डव हो कि कौरव, देवत्व हो कि आशुरी, धर्म हो कि पाप, उज्यालो हो कि अन्धकार, जीवन हो कि मृत्यु, हावा हो कि धुलो ? मैले खुट्याउन सकिरहेको छैन ।

'म' हाँस्छ, 'म' रून्छ । 'मान्छे'- वाल, प्रौढ, बृद्ध हुन्छ र सकिन्छ तर 'म' को दबदबा, साम्राज्य समाजमा कायमै रहन्छ । आँखा खोल्दा छ, आँखा चिम्लदा छैन । तैपनि 'म' लाई 'म' नै प्यारो छ । के यही 'छ र छैन'को झिलिक-मिलिक, भवसागर संसार हो ?

यति सुन्दर, यति कुरूप संसारको सिर्जना कसले, कहिले, कुन उद्देश्यका लागि गर्‍यो ? त्यो को हो, जो 'म' भित्र बिराजमान छ र 'म' मा जन्मिरहेछ, 'म' मा मरिरहेछ ? 'म' को अन्त्य र 'म' को आरम्भ, बुझिनसक्नु द्वन्द्वमय छ । भगवान र भक्तरूपी यो भवचक्करमा 'म' भौंतारिन्छ र पानीमा चिनी घोलिएझैं घोलिन्छ । स्वाद थाहा पाउँदा नपाउँदै मान्छे सकिन्छ, अन्तर्ध्यान हुन्छ ।

मान्छेमा चेत छ तैपनि मान्छेभित्र 'म' भित्र अहंकारको बास छ । 'म' को बास भएकाले मान्छे नासवान छ । 'म' र अहंको नालीबेली, सुरू कता हो, अन्त कहाँ छ, अत्तोपत्तो पाउन सकिन्न । कतै 'म' मैमत्ता बनिरहेको छ, कतै 'म' अध्यात्मको ज्योतिर्पुञ्ज बनेर धपक्क बलेको देखिन्छ । मानवीयता, करूणता, कोमलता, लगनता ढुङ्गाको कापबाट रसाएको, पलाएको देख्दा 'म' स्वर्गीय रहेछ जस्तो लाग्छ । जब सुरवीरतामा 'म' बहुलाउँछ, बर्बराउँछ, मान्छेलाई कमिला देख्छ र मान्छेको टाउकोमा टेक्छ, ऊभित्रको आवेग, उवाल उर्लेर मानवीयता छेक्छ, त्यतिबेला लाग्छ 'म' महिषासुर हो । हावाको एक झोक्का हो, हुण्डरी हो, आउँछ र जान्छ । जीवन जगतमा 'म' सबैथोक हो तैपनि 'म' शून्य हो, केही पनि होइन । 'म' केही हो जस्तो, केही पनि होइन जस्तो । मान्छे पुरूषार्थ, अहंकार, जीत र हाररूपी 'म' अन्तर्निहित भएर नाङ्गै आउँछ र नाङ्गै जान्छ । शरीर लिएर जन्मिन्छ र धुवाँ भएर उड्छ, धुलोमा समाहित हुन्छ । रोएर झुल्किन्छ र चुपचाप अस्ताउँछ । 'म' भित्र सिर्जना सन्सारको सबैथोक छ, अन्तमा केही पनि छैन । मान्छे आकार हो, मान्छे निराकार हो । 'म' केही हो, केही पनि होइन ।

मान्छेका रूपमा 'म' बीज हो, बीज फुट्छ । एउटै बीजबाट युधीष्ठिरजस्ता धर्मात्मा, धृतराष्ट्रजस्ता विवेकहीन, दुर्योधन र दुशासनजस्ता पापी र विदुरजस्ता ज्ञानी जन्मन्छन् । एउटै बीजमा यति ठूलो अन्तर कसरी सम्भव छ । आत्मा र परमात्मावीचको चमत्कारिक प्रसङ्ग, के यो प्रारव्ध हो ? अदृश्य शक्तिको खटनपटन नभए के हो ? हो भने 'मभित्रको म' आत्मा हो, परमात्मा हो र उसैले प्रत्येक 'म' लाई सांसारिक जीवनमा चलायमान गरिरहेको छ । 'म' रनभुल्लमा छ । 'म' छ, 'म' छैन । 'म'सबैथोक हो, 'म' केही पनि होइन । 'म' दृश्यमा छ, अदृश्यमा बिलाउँछ । 'म' मान्छे हो, 'म' राक्षस हो । 'म' हावाको एक झोक्का हो । 'म' सृष्टि हो, म दृष्टि हो । 'म' केही हो जस्तो लाग्दालाग्दै अलप हुन्छ । 'म'सृष्टि हो, म दृष्टि हो । 'म' केही हो जस्तो लाग्दालाग्दै अलप हुन्छ । अस्तित्व हो कि होइन ? 'म' व्यक्त, अव्यक्त के हो, के हो ? 'म' रहस्य हो, 'म' मान्छेले पहिल्याउनै नसक्ने भुलभुलैया मार्ग हो ।

पञ्चतत्वबाट बनेको मान्छे ढुंगामा भगवान, माटोमा मातृत्व देख्छौं । हामी नास्तिक पनि छौं, आस्तिक पनि छौं । नास्तिकहरू समेत कतै शरीर वा मन दुख्दा भगवान पुकार्छन् । अन्तिम आश्रय, अन्तिम अभिष्ठ देउराली भञ्ज्याङ्ग हो भगवान । मन्दिर वा गुरूद्वारा, मस्जिद वा चर्च, अपार ज्ञानीको सत्संग जहाँ जहाँ भट्किदै मन टाउको बजार्न पुगे पनि त्यो भड्काउ 'म' भित्रको शान्तिको खोजको छटपटी, आस्था हो, मान्छेभित्रको 'म' मा प्रचूर आस्था देखिन्छ । शायद 'म' मान्छेमा विश्वास मर्न दिदैन र त्यो विश्वास हो भगवान । मान्छे संघर्ष हो, संघर्षबाट थाकेर शान्त मुक्तिको खोज हो । खोज नसकिदै बिलाउने पानीको फोको हो मान्छे ।

मान्छे प्रकृतिको अति सुन्दरतम् सिर्जना भए पनि ऊभित्र मन परे चाट्ने, मन नपरे थुक्ने चरित्र पनि विद्यमान हुन्छ । 'म' भित्र समताभाव हुन्न ? फेरि 'म' र 'मान्छे' किन एकाकार छ ? 'म' छ र 'मान्छे' छ । यति दोहोरो चरित्र भएको मान्छे किन 'म' च्यापेर जन्मन्छ ? यसको कारणको रहस्य जान्नु भनेको तारणहार चिन्नु हो, चिन्न 'म' अझै असक्षम छ । बैकुण्ठ देख्नु र 'म' चिन्नु उस्तै हो कि ? त्यसैले 'मभित्रको म'- मान्छे काँचो छ, कटमिरो छ, गुलियो-गुलियो, टर्रो, अमीलो छ । स्वाद छ, बेस्वादको पनि छ । रङ्ग छ, बेढङ्गको छ । 'म' शिष्ट छ, विशिष्ट छ, क्लिष्ट पनि छ । 'म' जति बुझ्यो, बुझ्न झन कठिन छ । मान्छे लौकिक संसार र अलौकिक स्वर्ग बुझ्न खोज्दाखोज्दै सकिन्छ । 'मभित्रको म' मैनवत्तीजस्तो छ, बाल्यो बल्छ, अँध्यारो चिर्दै जान्छ, अव त छ्याङ्ग उज्यालो हुनलाग्यो भन्ने बेलामा मैन सकिएर झ्याप्प निभ्छ, समाप्त हुन्छ । 'म' के हो, बुझिनसक्नु छ । त्यसैले भनिन्छ, मरेपछि स्वर्ग देखिन्छ । स्वर्ग कसले देख्यो र ? अदृश्य शक्तिको लीला अपरम्पार छ ।

प्रकृति घण्टाघरको सुई हो, यही समय 'म' हो । समय र प्रकृतिको गतिलाई कसले, कहिले, कहाँ रोक्न सक्यो ? न यी कहिले उल्टो चले । अदृश्य शक्तिपुञ्ज, समय र प्रकृतिमा अदृश्य शक्ति बिराजमान छन् शायद । त्यो शक्तिले 'म, मान्छे'लाई आफ्नै गतिमा निरन्तर परिक्रमा गराइरहेको छ । चौरासी योनी यही हो कि ? समयसँगै 'मान्छे' र 'म' फुट्छ, उठ्छ, हिड्छ र लक्ष्य नपुग्दै मध्यमार्गमै छुट्छ । 'मभित्रको म' प्रकृति र समयलाई फनफनी फन्को मारेर सकिन्छ ।

'भित्रको म' कहिल्यै समयको महिमामय साध्य आरोहण गर्न सक्दैन । मान्छेभित्रको 'म' मा वाल हठबल, जवानी बाहु बल, प्रौढ परिपक्वता बल, बृद्ध अनुभव-बुद्धिबल त हुन्छ तर त्यसभन्दा पर परमार्थ, परमात्मा बल ऊ आर्जित गर्न कहिल्यै भ्याउँदैन किनकि 'म' अपूर्ण छ । त्यसभन्दा अगाडि 'म' निर्बल, निस्तेज बन्छ । पञ्चतत्वबाट निर्मित भएको 'म' पञ्चतत्वमा बिलीन हुनपुग्छ । 'मभित्रको म' को सुरू र अन्त, दिशा र दशा यही हो । 'म' जटिल जीवनका यस्तै सूक्ष्म मानवीय मर्म मार्ग हो । यो मर्ममार्गमा पुस्ताहरू थिए, आज हामी छौं र भोलि भावी पुस्ता हुनेछ ।

अदृश्य शक्तिको चक्रव्यूह (समय चक्र) घुमिरहेको छ । घुमिरहने छ ।






# मधेशमा माता छिन्नमस्ता, राजदेवी मन्दिर

**– देवेश झा**

छिन्नमस्ता भगवती मन्दिर

छिन्नमस्ता भगवती सप्तरी जिल्लाको राजविराजबाट दक्षिण सीमावर्ती क्षेत्र छिन्नमस्ता गाउँपालिका मा पर्छ। यो मन्दिर सप्तरी सदरमुकाम राजविराज बाट ११ किमी को दुरीमा भारतीय सीमा नजिक रहेको छ। यस मन्दिरमा हिन्दुहरूको महान् चाड दशैंमा ठुलो घुइँचो लाग्ने गरेको छ र यहाँ बोकाको बलि दिने गरिन्छ। प्रायजसो हिन्दूहरू साना ठूला सवारी किन्दा चोख्याउन यहाँ आउने गरेका छन्।

प्राचीन इतिहास र किम्वदन्तीका अनुसार, सन् १०९७ मा मुसलमानले आक्रमण गर्दा कर्नाटकका कर्नाटवंशी राजा नान्यदेव पाटलीपुत्र हुँदै तत्कालीन तिरहुतको सिम्रौनगढ (बारा)मा राजधानी कायम गरे। नान्यदेव वंशको पाँचौं पुस्तामा शक्रसिंह देव राजा भए। उनी आफ्नो नाबालक छोरा हरिसिंह देवलाई राजगद्दीमा राखी निर्वासित जीवन बिताउन सप्तरी आए। त्यसबेला जङ्गलले ढाकिएको यस स्थानमा जङ्गल सफा गर्दा भेटिएको भगवती मूर्तिलाई उनले आफ्नो कुलदेवीको रूपमा स्थापना गरी आफ्नो नामबाट देवीको नाम शक्रेश्वरी राखे भन्ने भनाइ छ। सन् १३२८ मा गयासुद्धिन तुगलकले तिरहुतमाथि आक्रमण गरेका थिए। जसको फलस्वरूप सिम्रौनगढ ध्वस्त भयो। सिम्रौनगढका मूर्तिहरू अहिले पनि फुटेकै अवस्थामा छन्। यस प्रकार सखडा भगवतीको मूर्ति पनि त्यहीबेलाको आक्रमणमा फुटेको केही इतिहासविद्हरूको अनुमान छ। देवीको शिर नभएकोले केही समयपछि सो मूर्तिलाई छिन्नमस्ता भगवती भन्न थालिएको हो। शक्रेश्वरी को अपभ्रंश भएर नै उक्त गाउँ सखडा हुन गएको हो। तीन दशक पूर्वसम्म सखडा भगवतीलाई सखडेश्वरी भगवती भनेर नै पूजा गरिन्थ्यो।

करिब सवासय वर्षअघि सखडाको भगवती मन्दिर एउटा गुफाको रूपमा थियो। त्यहाँ स्थानीय बासिन्दा ले सङ्कलित गरेको रकमबाट सानो मन्दिर निर्माण गरेका थिए तर सो मन्दिर वि.सं. १९९० सालको महाभूकम्पमा भत्किएकोले समाजको सहयोगमा टिनको छाना भएको मन्दिर बनाइयो। सो पनि जीर्ण हुँदै गएकाले वि.सं. २०२८ सालमा तत्कालीन





भारतीय रेल मन्त्री स्व ललित नारायण मिश्रले पक्की मन्दिरको साथै तीन कोठे धर्मशाला पनि बनाउन लगाएका थिए। वि.सं. २०४४ सालमा तत्कालीन राजा बीरेन्द्रले मन्दिर निर्माणको लागि रू. पाँच लाख चढाएर भगवतीको प्यागोडा शैलीको भव्य मन्दिरको निर्माण गराए जुन अद्यावधि छ।

मन्दिरभित्र मूल देवीको रूपमा भगवतीको कालो रङको बुट्टेदार मूर्ति छ। उक्त मूर्तिको पाउतिर राँगाको काटिएको टाउको प्रस्ट रूपमा ढुङ्गामा कुँदिएको छ। मूल मूर्तिको देब्रेपट्टि दक्षिणकाली, महिषमर्दिनी र दाहिनेतिर चामुण्डा भैरवी र त्यस्तै कालो रङको अर्को प्रस्तर मूर्ति स्थापित छ। ती मूर्तिहरूलाई पञ्चभगिनी पनि भनिन्छ। छिन्नमस्ता भगवती मुसलमानहरूको पनि आस्थाको केन्द्र बनेको छ। मुसलमान समुदायका हजारौं व्यक्ति विभिन्न मनोकामना लिएर छिन्नमस्ता भगवती मन्दिर बाहिर बसी फूल हैस गर्न आउने गरेका हुन्छ।

देवीलाई नवरात्रमा ५६ प्रकारका परिकार बनाई मध्यरातमा पूजा गर्ने गरिएको छ। पूजा गर्दा केही विघ्नबाधा उत्पन्न हुन थालेपछि भगवतीको सिंहासनमा एउटा जन्तर राखी महाअष्टमीको राति तान्त्रिक विधिद्वारा पूजा गर्ने गरिएको छ। यहाँ बलि प्रदान गर्दा निस्केको रगतमा झिङ्गा नबस्नु, रगत लुगामा लागे पनि दाग नलाग्नु, रगत पोखरीको पानीमा मिसिदा रातो नहुनु, बलि प्रदान गर्ने नाममा राखेका खसी बाखालाई केही नहुनु, बलिका लागि किनेका पशुलाई कुकुर र स्याल टोकेको छ भने मन्दिर नपुग्दै मर्नं आदि आश्चर्यजनक काम हुँदै आएको भनाई रहेको छ।

कंकालिनी मन्दिर

कंकालिनी मन्दिर कंकालिनी मन्दिर सप्तरी जिल्लाको राजविराज देखि १८ किलोमिटर पूर्व हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गत भारदहमा पर्छ। कंकालिनी मन्दिर मनोकामना पूरा गर्ने शक्तिपीठहरू मध्ये एक मानिएको हुदा नेपाल र भारतका श्रद्धालुको ठूलो आस्था रहेको छ। यस मन्दिरमा हिन्दुहरूको महान् चाड दशैंमा ठुलो मेला लाग्ने गरेको छ। किम्बदन्ती अनुसार भारदहमा मानव बस्ती बसाल्ने क्रममा जग्गा खनन गर्दा दुर्गाको ढुङ्गे प्रतिमा फेला परेको थियो। त्यसै प्रतिमालाई मन्दिरमा स्थापना गरेर स्थानीयले पुजा सुरू गरेका थिए।

कंकालिनी मन्दिरमा मनोकामना पूरा गर्ने शक्तिपीठहरूमध्ये एक पीठ मानिएको हुँदा यहाँ नेपाल तथा भारतका श्रद्धालु भक्तजनहरूले विशेषत: दशैंमा भाकल गरि बोका र राँगा आदि बलि दिन आवश्यक पूजा सामग्रीसहित घुइँचो लाग्ने गरेको छ। यहाँ बडादसैंमा हजारौं बोका र सयकडौं राँगाको बलि चढाइन्छ। मनोकामना पूरा भएकाहरूले पञ्चबलिसमेत गर्छन्। यहा वर्षेनी ३० हजार भन्दा बढि बलि प्रदान हुने गरेको विश्वास गरिन्छ।

बड़ा दशैंमा यस देवीलाई दैनिक सरदर ५००० भन्दा बढीले दर्शन गर्ने गर्दछन्। दशैं भरि दैनिक एक हजार भन्दा बढी खसी(बोका बलि दिने यो मन्दिरमा राँगा बलि नवमी तिथि का दिन मात्र दिने चलन छ। सप्तरीको भारदहमा पूर्व(पश्चिम राजमार्ग छेउ अवस्थित कोशी तटबन्ध संगैको ठूलो भूभाग मा सुन्दर बगैंचा सहित रहेको कंकालनी भगवती मन्दिर क्षेत्र भित्र भगवान गणेश को एउटा सानो मन्दिर पनि छ। यो मन्दिरलाई नेपाली प्यागोडा शैलीमा निर्माण गरिएको छ। यहाँ रहेको मुख्य मन्दिर प्यागोडा शैलीमा रहेको पाइन्छ जुन अति सुन्दर रहेको छ। यस मन्दिरको पाँच स्तरको छाना रहेको छ।

राजदेवी मन्दिर

राजदेवी मन्दिर सप्तरी जिल्लाको सदरमुकाम राजविराजको राजदेवी टोलमा पर्छ। प्राचीन इतिहास बोकेको यस मन्दिरको नामबाटै राजविराज नगरको नाम राखिएको हो। राजदेवी मन्दिर भित्र रहेको भगवतीलाई सेन वंशको इष्टदेवी मानिन्छ। राजदेवी मन्दिर यहाँ रहनुको प्रमुख कारण यहाँ सेन राजाहरूको कचहरी, किल्ला र दरवार रहनु हो। यस मन्दिरमा रहेको भगवतीलाई मनोकामना पूरा गर्ने देवी मानिएको हुँदा नेपाल र भारतका आमजनमानसको ठुलो आस्था रहेको छ। यस मन्दिरमा हिन्दुहरूको महान चाड दशैंमा ठुलो घुइँचो लाग्ने गरेको छ र यहाँ बोकाको बलि दिने गरिन्छ। किम्वदन्तीका अनुसार राजदेवी मन्दिरको उत्पति पनि सेन वंशको समयमा भएको देखिन्छ। सप्तरी जिल्ला स्थित शक्ति पीठहरू नेपाली समाजको पुरातात्विक, सास्कृतिक, ऐतिहासिक र धार्मिक धरोहर हो। विगतमा राज्यको प्रत्यक्ष संरक्षणमा रहदै आएको यी पारम्परिक विरासतले राष्ट्रको पहिचान बनाउने गरेको इतिहास छ।



प्रेम सिंह बस्न्यातद्वारा खुलासा

# दोस्रो विश्वयुद्धमा 'नेपाली सेना'

- पल्टन (रेजिमेन्ट)। एउटा रेजिमेन्टमा १०१५ देखी २५ जना सम्म हुन्थे। एउटा रेजिमेन्टमा ५०० - ५०० जनाको २ वटा गण - द्यबततबष्यिल हुन्थे र एउटा रेजिमेन्ट बन्दथ्यो। ति २ गण मध्य जेष्ठलाई 'राइट हाफ - Right half ' र कनिस्थलाई 'लेफ्ट हाफ- left half ' भनिन्थ्यो। अनि जेष्ठ गणको नामबाट रेजिमेन्टको नाम राखिन्थ्यो। रेजिमेन्ट हेड क्वार्टर हुन्थ्यो।

- भाग लिएका पल्टनहरू : श्रीनाथ, कालिबक्स, सूर्य दल, नयाँ गोरख, बर्द बहादुर, कालिबहादुर, महिन्द्र दल, दोस्रो राइफल, भैरूङ, जबर जङ, शमसेर दल, शेर, देबी दत्त, भैरब नाथ, जङनाथ र पुरानो गोरख।

- जनरल बहादुर शमसेर राणाको नेतृत्वमा नेपाली फौज पठाइएको थियो। युद्ध भूमि र अन्य दैनिकी अभिलेख लेख्नको लागि सरदार गुन्जमान र सुब्बा निरराज राजभण्डारीलाई पठाइएको थियो। जुन अभिलेखहरू अहिले नेपाली जङ्गी अड्डाको केन्द्रिय पुस्तकालयमा राखिएको छ।

- बि .स .१९९६ फागुन २२ गते श्री ३ जुद्दसम्सेर ले पहिलो टोली फौजलाई काठमाडौं को टुडिखेलबाट बिदाइ गरेकाथिय।

- यही युद्धमा खटिएका मध्य ब्रिगेडियर जनरल दयाबहादुर खाण, ब्रिगेडियर जनरल चुत्रबहादुर थापा, लेफ्टिनेन्ट कर्नेल (ले क) सैलेन्द्रबहादुर महत, ले क गुप्तबहादुर गरूङ, ले क बलबहादुर सिलवाल खत्री, ले क जगतबहादुर खत्री र जमदार होमबहादुर गुरूङले ब्रिटिश अधिराज्यको मिलिटरी क्रस (एम. सि.) बिभुसन पायका थिए।

- बि. स. २००२ (२८ अक्टोबर् १९४५) सम्म सबै नेपाली सेना देस फर्केकाले सोही दिनलाई बिजय दिवस पनि मनाइयो। वास्तवमा दोस्रो बिश्व युद्धको बिजेता नेपाल पनि थियो। यो गर्बको बिषय हो।

- त्यही बेलामा ब्रिटिश - इन्डियाका कमान्डर - इन - चिफ अकिनलेकलाई पनि नेपाल बोलाई दोस्रो बिश्वयुद्धको बिजय उत्सव मनाइयो। सोही अबसरमा कालिबहादुर, महिन्द्रदल र शेर रेजिमेन्ट (हाल गण) का अफिसर कमान्डिङहरू लेफ्तिनेन्ट कर्नेल ( ले क ) बलदेबसम्सेर राणा, ले क गेहेन्द्रसम्सेर थापा र ले क क्षेत्रबिक्रम राणाले जनही रू १२ हजार पुरूस्कार पाएका थिय । लडाईंमा राम्रो काम गरेकोले ( २००२ साल मार्ग २९ गते अर्ध साप्ताहिक संख्या ६४ को गोर्खापत्र अनुसार)। उस बखतको १२ हजार भनेको निकै ठुलो रकम थियो।

- उक्त मार्च पास्ट - बिजय उत्सव सकियकै दिन : २००२ कात्तिक २६ गते बेलायति राजदुतले नेपाललाई एकमूष्ठ (In total) ३ करोड ३३ लाख रूपैयाँ आर्थिक सहयोग दियको घोषणा पनि गरे।


**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन नगरौं, क्यान्सरलगायत नसर्ने रोगबाट बचौं**

**धूमपान भनेको के हो ?**

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो। चुरोट, बिंडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो।
- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्व पाइन्छन्। तीमध्ये ६९ भन्दा बढी तत्वले क्यान्सर गराउँछ।

**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर**

- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मूत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ।
- धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ। नजिक बसेकै कारणले विश्वमा वर्षेनी १३ लाख मानिसको मृत्यु हुने गरेको छ।

**धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय**

- साथीभाइको लहैलहैमा नपरौं।
- दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
- धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
- सार्वजनिक स्थलमा धूमपान नगरौं !
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य कर कोषको सचिवालय**
रामशाहपथ, काठमाडौं


# ललितपुरका मेयर चिरिबाबु : विकासका रोलमोडल

रिसव गौतम

संघीय राज्य व्यवस्था अबलम्बन गरिएको देशमा अहिले संघ, प्रदेश र स्थानीय तह गरि ३ तहको सरकार छ। यी ३ तहमध्ये विकास निर्माणमा सबैभन्दा अग्रहणी भुमिका निर्वाह गर्न सक्ने निकाय स्थानीय तह हो। यसलाई गाउँको सिंहदरवार पनि भनिने गरिन्छ। साँच्चै भन्ने हो भने आफनो विकास निर्माणको भिजन र योजना लागु गर्न चाहने राजनीतिज्ञले सासंद हैनकी मेयरमा आफुलाई उभ्याउन सक्नुपर्छ। स्थानीय प्रतिनिधि अर्थात मेयर, पालिका अध्यक्ष जस्तो पदमा रहेर देखिने गरी जेजति गर्न सकिन्छ, अरूबाट धेरै ग्राहो समेत छ।



बिडम्बना स्थानीय सरकारको नेतृत्वमा रहेर धेरै गर्न सकिने ठाउँ रहँदा पनि देशका धेरैजसो पालिकाहरूले भने जनताको मन जित्ने गरि काम गर्न भने सकेका छैनन्। तर औंलामा गन्न सकिने केही यस्ता स्थानिय सरकारहरू छन् जसले उदाहरणीय कार्य गरेर जनविश्वास बटुलेका छन्। उनीहरूको उदाहरणीय नेतृत्व र कार्यसम्पादन अहिले राष्ट्रिय स्तरमै चर्चामा छ। स्थानीय स्तरमा उदाहरणीय काम गरेर जनताको मन जित्न सफल स्थानिय सरकारका प्रमुखहरूमा ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु मर्हजन, भरतपुर महानगरपालिकाका मेयर रेनु दहाल, काठमाण्डौ महानगरका मेयर बालेन शाह, धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ्ग, धनगढी उपमहानगरपालिकाका मेयर गोपी हमाल राष्ट्रिय स्तरमा चर्चित छन्।

यति हुँदाहुदै पनि काम गर्ने जाँगर, अठोट, स्पष्ट भिजन, अध्ययन, नेतृत्वमा हुनुपर्ने लचकता र इमानदारीता, ब्यवस्थापकिय कौल्शलता उत्तिकै आवश्यक पर्छ। ती कुराहरू नभएका, स्रोतमाथी गिद्धेदृष्टि राख्ने र जनताका लागि भन्दा आफ्ना पार्टीहरूका लागि काम गर्ने, भ्रष्टाचारमा विलिप्त हुने परिपाटी झाँगिँदो छ। त्यसको एउटा उदाहरण हालैको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको बार्षिक प्रतिबेदन समेत हो। अख्तियारका अनुसार भष्ट्राचार संघबाट तल अर्थात सिधै स्थानीय तहमा झरेको छ। भष्ट्राचारका उजुरीमध्ये आधा अर्थात ५० प्रतिशत उजुरी स्थानिय तहकै छन्। विभिन्न पुर्वाधारको आयोजनाहरूमा ठेक्का, पट्टा लगाउँदा होस् वा उपभोक्ता समितिहरूका नाममा अन्धाधुन्द खन्याइने बजेटहरू हुन् वा सामाजिक संस्थाहरूका विभिन्न खालका प्रतिफल विहिन कार्यक्रमका लागि गरिने खर्चमा अख्तियारको दुरूपयोग हुने गरेको बताइन्छ।

यस्ता विकृतीहरूबाट जोगिएर स्थानिय स्तरमा उदाहरणीय कार्य गरेका मेयर हुन् चिरीबाबु मर्हजन। नेपालका ७५३ नगरपालिकाहरूमा उत्कृष्ठमध्ये पनि उनी एक नंम्बरमै पर्न सक्छन्। ब्यक्तिगत रूपमा उनी अत्यन्त नरम, शिष्ट, समयका अनुपालक, भिजनरी, सोच र सँस्कृतिका धनी छन्। ललितपुर महानगरपालिको विकास मात्र होइन् त्यसलाई मौलिक, ऐतिहासिक एवं साँस्कृतिक ढाँचामा लैजान उनले अथक प्रयास गरेका देखिन्छन्। अहिले ललितपुरका सडकपेटीहरू जतातत्तै ब्यवस्थीत मात्र होइन् हरियाली समेत छन्। काठमाण्डौ र भक्तपुर भन्दा सफा, सुन्दर भएको छ नगर। महानगरका धार्मिक सम्पदाहरू सफा, सुग्गर बनाइएका छन्। पार्टी, पौवा ब्यवस्थीत छन्।

सायद मेयरको रूपमा चुनाबमा प्रतिस्पर्धा गर्दैगर्दा घोषणा गरेका प्रतिबद्धताहरू सत प्रतिशत जसो पुरा गर्ने मेयर चिरिबाबु नै होलान्। उनले मेयरमा प्रतिस्पर्धा गर्दैगर्दा ललितपुरमा रहेका धार्मिक सम्पदाहरू जिवन्त तुल्याउने र पर्यटकहरूलाई आर्कषण गर्ने परिकल्पना गरेका थिए। अहिले कसैले ललितपुर घुम्यो भने अथवा ललितपुरका धार्मिक एवं ऐतिहासिक सम्पदाहरू नियाल्यो भने साँच्चै आहा भन्नेछन्। ललितपुरमा रहेको पाटन दरबार स्वायर होस् वा त्यहाँका विभिन्न मठ, मन्दीरहरू हुन् ती सफा मात्र होइन् पर्यटकमैत्री र आर्कषक बनाइएका छन्। जसको श्रेय मेयर चिरीबाबुलाइ जान्छ। उनले नगरपालिकाको काम कार्वाहीलाई एकद्धवार प्रणालीमा लगेका छन्। फलस्वरूप कागजपत्र हराउला, ठिलासुस्ती होला भन्नु पर्दैन। हरेक कामहरू रफतारमा हुन्छन्। नदीझै सतत् अघि बढ्छन्।

ब्यवस्थापन विषयका स्नाकोत्तर एवं संर्घषका सतिशाल उनी कुनैबेलाका कर्मचारी समेत थिए। उनले २०५५ साल देखि ०६३ सालसम्म परियोजना प्रमुखको रूपमा त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलमा काम गरेका थिए। त्यहाँ काम गर्नु अघि उनी सो वेलाको ललितपुर नगरपालिकामा ३ पटक लगातार वडा अध्यक्षमा बिजयी भई काम गरेका थिए। राजनीति र प्रशासन दुबैमा पोख्त मेयर चिरिबाबुले बाल्यकालमा अत्यन्त कष्ठसाध्य रूपमा अध्ययनलाई अघि बढाएका थिए।

ललितपुर महानगरपालिकालाई मौलिक एवं साँस्कृतिक शहरको रूपमा चिनाएका चिरीबाबुले त्यसलाई जिवन्त राख्न धेरै काम गरे। ०७२ को भुकम्पले ध्वस्त बनाएका सम्पदाहरू मठ, मन्दी, पार्टी, पोखरी, बिहार, बहाल, सत्तल सबै पुर्ननिर्माण गरिसकेका छन्। स्थानियबासीहरूले समेत अब कसरी पुराना साँस्कृतिक सम्पदाहरू ठडिएलान् भनेर लख काटेका सबै सम्पदाहरू अहिले ज्युँकात्युँ ठडिएका छन्। बरू थप आर्कषक र पर्यटनमैत्री भएका छन्। यतिबेला भुकम्पले विगारेका र ध्वस्त बनेका सबै जेर्णेदार मठ, मन्दीर ठडिइसकेका छन्। शिक्षा क्षेत्रमा ललितपुर महानगरपालिका शैक्षिक हबका रूपमा स्थापित छ। देशभरका शैक्षिक संस्थाहरूमध्ये ललितपुर महानगरपालिकाका शैक्षिक संस्थाहरू अब्बल रिजल्ट निकाल्न सक्षम देखिन्छन्। धेरै राम्रा र उत्कृष्ठ दरिएका नीजि शैक्षिक संस्थाहरू पनि ललितपुरमै छन्। त्यसका लागि नगरपालिकाले नै वातावरण बनाइदिएको हो। भित्री सडक पुर्वाधारमा समेत राम्रो प्रगती गरेको नगरपालिकाले आफुलाई स्मार्ट सिटिको रूपमा उभ्याउँदै छ। नगरपालिकालाई डिजिटल प्रणालीमा रूपान्तरण गरिँदैछ।

जनताको स्वास्थ्य सेवा ठुलो लगानी गरेको यस महानगरले बृद्धबृद्धाहरूको घरघरमै पुगेर बर्षेनी स्वास्थ्य जाँच गर्छ। जेष्ठ नागरिकहरूलाई निशुल्क रूपमा निमोनिया विरूद्धको खोप दिँदै आएको नगरले महिलाहरूलाई पाठेघर र स्तन सम्बन्धि समस्यामा ठुलो मल्हमपट्टी लगाउँदै आएको छ। यसरी सुशासन र नागरिक सेवा प्रवाहमा दृढ मेयर चिरीबाबुले देशको मन जितेका छन्।

# The Koshi Pride Project: Choosing a Truly Green Path for Nepal's Future



I would like to begin by expressing my sincere appreciation to the Koshi Investment Authority for hosting the Investor Summit in May 2025 in Biratnagar. The summit played an important role in bringing the economic and strategic potential of the Koshi region to the attention of a wider audience. For me, it was also a deeply personal moment—an opportunity to engage with policymakers, investors, and local stakeholders, and to commit myself to investing in Koshi Province, my birthplace.

Koshi is endowed with abundant water resources, fertile land, and resilient human capital. What it needs, however, is not short-term industrialization at any cost, but long-term, self-reliant, climate-aligned development-development that respects the extraordinary fragility of Nepal's Himalayan ecosystem while strengthening national resilience.

Nepal today stands at a crossroads. There is broad consensus that the country must produce fertilizer domestically, yet it is equally clear that not all urea projects are created equal. The choice before us is stark: pursue a genuinely green and self-reliant model, or lock the country into long-term dependence on fossil fuels and foreign natural-gas pipelines.

Urea plants based on imported natural gas may appear economical on paper, but their hidden costs are significant. They bind Nepal to permanent dependency on cross-border gas infrastructure over which it has no strategic control. They expose farmers and public finances to geopolitical risk and global price volatility. Most critically, they import carbon emissions into one of the most environmentally fragile regions on Earth.

Such projects also foreclose the possibility of building a circular domestic ecosystem—one in which clean energy supports agriculture and industrial byproducts are reused rather than discarded. Fossil-fuel-based urea creates a carbon lock-in that contradicts Nepal's climate commitments and limits access to green finance and high-quality carbon markets. For a Himalayan nation already facing glacial retreat, erratic monsoons, and accelerating biodiversity loss, this is not development. It is deferred environmental debt, passed on to future generations. Nepal has a rare opportunity to do better, to leapfrog directly into green industrialization, much as it once did by prioritizing hydropower over imported fuels.




It is against this backdrop that, in May 2025, I signed a Memorandum of Understanding on behalf of Nepal Green Hydrogen Company with the Government of Nepal to prepare a Detailed Project Report (also known as a Detailed Feasibility Study Report) for a Green Hydrogen, Green Ammonia, and 200-kiloton Green Urea manufacturing facility in the Terai region of Koshi Province.

Recognizing its strategic importance, the Government of Nepal has formally designated this initiative as the *Koshi Pride Project*. This designation reflects not only the scale of the undertaking, but also its alignment with Nepal's long-term goals for energy security, agricultural self-sufficiency, and climate responsibility. The guiding principle is simple yet transformative: Nepal should feed its soil using its own water, sun, and clean electricity—not imported fossil fuels.

Nepal currently imports more than one million tons of urea each year, draining foreign-currency reserves and exposing farmers to external supply shocks. The Koshi Pride Project offers a different path-import substitution without environmental compromise by producing fertilizer domestically using renewable power and green hydrogen.

The initiative has already attracted meaningful regional attention. The proposed 200-kiloton Green Urea project has been discussed at several prominent energy forums under the leadership of Dr. Biraj Singh Thapa, including a high-level forum inaugurated by the Energy Minister of India in New Delhi in July 2025. This recognition underscores Nepal's potential not as a follower, but as an emerging regional leader in green hydrogen and sustainable fertilizer production.

A defining feature of the Koshi Pride Project is its carbon-circular design. Through Carbon Capture and Utilization, carbon dioxide emissions from the state-owned Udaipur Cement Factory will be captured and repurposed as inputs for green fertilizer production. This approach transforms an industrial emission source, originally a gift to the people of Nepal from the Government of Japan, into part of a climate-positive value chain that reduces emissions, protects the Himalayan ecosystem, and strengthens domestic industry.


Unlike gas-dependent industrial models, the project is anchored in Nepal's indigenous energy strengths. It will leverage the country's projected hydropower surplus beginning in 2026–2027, supported by large-scale solar and agri-voltaic installations that can act as a "daytime battery," stabilizing the grid and managing seasonal fluctuations in hydropower generation. This integrated approach ensures energy security, price stability, and alignment with Nepal's climate goals.

The Koshi Pride Project is more than a fertilizer plant. It is a statement of values. Nepal must choose between a fossil-fuel future tied to foreign gas pipelines and external dependencies, or a self-reliant, circular, green ecosystem powered by its own rivers, sun, and innovation. For the Himalayas, there is no middle ground.

By choosing green-hydrogen-based urea, Nepal can protect its environment, empower its farmers, secure its energy future, and demonstrate that true development is not imported through pipelines, but built at home.

# That Is How It Is Here

**Narayan Prasad Mishra**



In today's age of YouTube and television—that is, an era in which everything is visually broadcast and made visible—we can see and hear anyone at any time: singers, spiritual gurus, world leaders, analysts, and our own political heavyweights . We see and hear their activities, voices, speeches, and gestures on the screen .

Among them, some provide enjoyment and mental peace, some offer inspiration, and some offer entertainment; however, many only deepen our sadness and irritation . Yet, among these, there are individuals whose speeches and presentations sound highly admirable and impressive . In contrast, the individuals themselves, behind the scenes, possess condemnable characters—people who speak words that sound great to hear, but whose conduct in life stands in apparent contradiction to their own words .

Based on more than eight decades of observation and experience, I have come to realize that for most of our country's leaders and administrators, patriotism, honesty, and public service remain beautifully decorated only in speeches, not in practice . Though words of integrity, service, and selflessness resonate from stages and pulpits, once power is attained, those admirable words dissolve into selfishness and deceit . This bitter truth is not merely observed—it is lived . The suffering of the people and the nation's deteriorating condition clearly attest to it .

**Fine Speeches, Zero Work**

Decades ago, I wrote a poem in Nepali titled "All the Wise Are in Nepal,"( सबै ज्ञानी नेपालमै हुन्छ ) published in Naya Nepalpost on February 18, 2041 B .S . (March 1, 1985) . That poem was written long before the advent of multiparty democracy—long before Nepal became a republic . Even then, I had observed that our so-called prime ministers, ministers, and revolutionaries could speak with the eloquence of Abraham Lincoln and the compassion, love, and persuasive sweetness of Mahatma Gandhi, yet never translate their wisdom into action .

Today, this tendency has no limits . Listening to speeches by our leaders of communism, democracy, and socialism, one might believe that all the most outstanding leaders of these ideologies reside in Nepal itself . Yet the actual condition of Nepal and the pitiable state of its people are hidden from no one . Because the poem feels even more relevant today, I present its English translation here .

Our country has never lacked eloquent speakers, but it has always lacked wise, enlightened, truthful, and action-oriented individuals . Today, YouTube is flooded with speeches and sermons by countless leaders, activists, social workers, analysts, astrologers, prophets, claimed goddesses, and "experts ." Some even attempt to lecture globally renowned politicians . But when one sets aside their words and examines the outcomes, the result is almost always zero .

**All the Wise Are in Nepal**

Narayan Prasad Mishra

The quality of this soil is such
Here, honesty and conscience
Exist only in speeches
Here, selflessness and service
Exist only in words
Even if there is nothing
In sweat and hard work,
In interviews, people here
Have plenty to say
Here, one is wiser than the other
One is Gandhi, another Marx
Search today's overflowing interviews—
All the wise and enlightened
Of this world and universe
Reside right here,
In this sacred land of Nepal

When we compare words with actual conduct and performance, our country appears not as a workshop of action but as a theater of words . The number of people whose deeds match their words is so small it can be counted on one hand .

Where Honesty Itself Becomes a Misfortune

Throughout my long journey of public service and writing, I have seen that in our country, it is not the dishonest who are punished, but usually the honest . My beloved late wife, Shanti Mishra, and I served and built Nepal's higher academic institutions with integrity and dedication . She was Nepal's first full-time female professor at Tribhuvan University—the nation's largest university—and the founding Chief Librarian of the Tribhuvan University Central Library . I served as Chief of the University Service Commission Office, as well as an academic administrator and librarian .

We both believed in calling truth 'truth' and falsehood 'false,' and we spoke and wrote what we believed to be true, even when it was unpleasant to others . However, in a culture that rewards flattery and punishes truth, honesty itself is often treated as a form of rebellion . There was no legitimate basis to question our competence, efficiency, integrity, or dedication . We were sidelined not because we failed in our duties, but because we fulfilled them too faithfully .

What we experienced as individuals is what Nepalis continue to experience today—where competence, ability, and self-respect are treated as rebellion; where sycophancy, flattery, and blind obedience are rewarded; and where compliant flatterers in positions of power silence honest workers . A former vice-chancellor who forcibly retired 22 senior university officials is today revered as a leading figure in civil society and a true democrat —even honored by the government formed after the Gen Z uprising . How many decades, or even centuries, this strange culture will persist remains unknown .

**Governance, Administration, and Sycophancy**

That's How It Is Here

Narayan Prasad Mishra

That's how it is here
Yesterday ... today ...
Performance judged
On bribes given and taken
Friendship measured
By alcohol and grilled meat
True trust sealed
Through fawning and flattery
Eligibility determined
By relations and prestations
That's how it is here
Yesterday ... today ...
So here
There are backhanded deals
There is corruption
There is stalling
There is injustice
There is exploitation
Only for the few
A glorious dispensation
In a job honestly secured
There is neither a you
Nor a me
So here
That's how it is
All are content
With raking in and dishing out
All are engaged
In giving and taking
That's how it is here
That's how it is

On Ashwin 6, 2039 B .S . (October 22, 1982), I wrote another poem in Nepali titled "That Is How It Is Here," ( ¿¿¿¿ ¿¿¿¿¿ ¿ )published in Naya Current . It portrayed the sycophancy, corruption, and hypocrisy rampant in government and administrative offices . Today's Nepal reflects that very distortion even more vividly . The English translation of the poem is presented below .

When I read Prime Minister Sher Bahadur Deuba's speech on Civil Service Day in 2022—where he lamented that civil servants "go to the office, sign attendance, and return"—what struck me was not his words, but the irony behind them . What I wrote in poetry forty years ago remains unchanged today . The power to reform existed not only with him but with every prime minister who followed . Yet none corrected it; instead, the situation deteriorated further . Such is the tragedy of this country .

The sorrowful truth is that not only is the bureaucracy corrupt and negligent, but the political leadership that controls it is even more so . As I wrote in People's Review in 2022:

"No constitutional body, including the Commission for the Investigation of Abuse of Authority, is free from political interference . This is the root cause of mismanagement, malpractice, and corruption in our system ."

Once the backbone of the state, Nepal's civil service today stands as a political mirror—crushed by favoritism, bribery, and demoralization .

**Politics and a Neutral Administration**

When U .S . President Joe Biden addressed officials at the State Department in 2021, he told his diplomats:

"I value your expertise, and I respect you . This administration will empower you to do your jobs, not politicize you ."

In these few words lies a powerful principle of good governance: trust, respect, and depoliticization of the civil service . Until Nepal protects its civil servants from political interference and rewards honest workers instead of flatterers, we will continue circling the same path of decline .

**Literature, Society, and Life**

I have always believed that literature should not escape life, but reflect it . That is why I wrote people-oriented, progressive literature grounded in real struggles . Stories such as

Joint Secretary Sharma,published on March 31, 1980 ( "Saha Sachiv Sharma",Samaj, 2036 Chaitra 18),He Doesn't Like to Go to the Office published on September 18, 1982 ( "Uslai Office Janna Man Chhaina",Samaj, 2039 Ashwin 2), He did Not Have a Technique for Doing Sycophancy published October 12, 1982 (Usko Chakadi Garne Dhang Bhayena", Samaj, 2039 Kartik 1), and most recently He Doesn't Find It Easy to Live in His Own Country,( "Uslai Afnai Deshma Bachna Sajilo Lagdaina" published in Gorkha Express on Kartik 9, 2082 (October 26, 2025), are not mere fiction—they are mirrors of our bureaucratic reality .

When I look back today at my poems, essays, and administrative stories, I see not merely words and sentences, but archival records of a nation's history and conscience . In this context, I remember my beloved wife, Shanti Mishra . I recall how, despite being recommended by multiple institutions, including the Women's Commission, for the post of ambassador to a European country, she failed to receive the trust and royal favor of the Palace during the reign of King Gyanendra . As a result, she was not appointed ambassador, and instead, another trusted palace loyalist—a Rana "Babusaheb"—received royal grace and was appointed to that position .

This episode reminds me yet again that in Nepal, merit, competence, and contribution are repeatedly overshadowed by favoritism, nepotism, caste-based preferences, kinship networks, patronage, royal or political favor, flattery, sycophancy, and influence (bhansun) . This is what I continue to see . This is how it is here . What can one do¿ I carry this realization quietly in my heart .

**Society and Change**

Our leaders deliver speeches about service to the nation, public service, and honesty, but they do not practice them . Our civil servants merely sign attendance, but do not serve the people . Our intellectuals talk about reform, yet they are not seen standing as examples themselves .

In our country, there is also no visible culture, habit, interest, or tradition of seeking out, reading, weighing, and correctly evaluating books and writings that are based on truth and facts; that are socially useful; that are beneficial for nation-building; that are readable, exemplary, and grounded in knowledge or science—and then using them deliberately for national development .

Even so, amid this disappointment, I still retain an unshakable faith in my heart—that one day, in our country too, wise and enlightened individuals—selfless and genuinely devoted to public service—whose words and actions do not differ, will surely be born . They will build this nation, and the people will finally find relief and well-being .

Until that day comes, I keep saying and remembering the lines of my old poem:

"Yesterday, today—
Here, it is the same ."

In this very context, I recall—without any fault, without any cause—the day of political conspiracy, disguised as "voluntary retirement through intrigue," when my wife and I were forced out of the university on August 17, 1992 ( Bhadra 1, 2049 ), despite still having 14 years contd pg 7

# बीपी र तीन आनाको विरूद्ध पन्द्र आना



*इतिहासका राजनीतिक घटनाक्रम..*

नेहरूको स्वभावका विषयमा भारतीय समाजवादी नेता तथा पत्रकार भोला चटर्जीलाई बीपीले दिएको अन्तर्वार्तामा पनि भनेका छन्, 'म दुईवटा कारणले जवाहरलालजीप्रति कृतज्ञ छु । एउटा कारण निश्चय पनि व्यक्तिगत । मैले भोक हडताल (राणाहरूको जेल) गरेका बेला उहाँले दुईपटक मेरो ज्यान बचाउनुभयो । उहाँसँग मेरो नीतिगत असहमति भएपनि ।'

बीपी प्रधानमन्त्री भएपछि भारत भ्रमणमा जाँदा नेहरूले भव्य स्वागत गरेका थिए । यस विषयमा बीपीले लेखेका छन्, 'श्रीमती पनि साथै थिइन् । मेरी कान्छी छोरी त्यस बेला सानै थिई । त्यसैले ऊ पनि हामीसँग गएकी थिई । विमानस्थलमा स्वागत कार्यक्रम हुँदा हाम्री छोरीलाई इन्दिराजीले लानुभयो । उहाँहरूले मलाई विदेशी पाहुना वा सरकारी पाहुनाको व्यवहार होइन, परिवारकि पाहुनाको व्यवहार गर्नुभयो ।'

बीपी र नेहरूको बढ्दो हिमचिमलाई लिएर समाजवादी नेता लोहियाले धेरैपटक असन्तोष व्यक्त गरेका थिए । लोहिया भारतीय राजनीतिका बौद्धिक नेता त थिए नै, भारतीय संसद्भित्र उनले गरेको एउटा सशक्त भाषण 'तीन आनाविरूद्ध १५ आना'को सधैं चर्चा हुने गरेको छ । सन् १९६३ मा लोहिया फररूखावाद उपचुनाव जितेर लोकसभा पुगे । त्यस बेला प्रधानमन्त्री नेहरूले आफ्ना देशका जनताले प्रतिदिन १५ आना कमाउने दाबी गरे । तर, लोहियाले प्रधानमन्त्रीको दाबीलाई झूटको संज्ञा दिँदै भारतीय जनता तीन आनामा बाँचिरहेको बताएका थिए । यसका लागि उनले सर्वेक्षण गराउन माग गर्दै नेहरूलाई लोकसभाभित्रै चुनौती दिए, 'तपाईंले भनेको कुरा साबित भयो भने म संसद् सदस्यबाट राजीनामा दिनेछु । मेरो दाबी साबित भयो भने के तपाईं राजीनामा गर्नुहुन्छ ?' अहिले पनि भारतमा भन्ने गरिन्छ कि हृदयघातका कारणँ नेहरूको निधन हुनुमा लोहियाको आगो ओकल्ने भाषण जिम्मेवार छ ।

भारतमै बेजोड छवि

बीपी स्कुले जीवनदेखि नै भारतको स्वतन्त्रता संग्राममा होमिएका थिए । कांग्रेसका अर्का नेता, बीपीको परविारसँग निकटस्थ, प्रधानमन्त्री सुशील कोइरालाका भाइ अशोक कोइराला आमा दिव्याले सुनाएको कहानी बताउँछन्, 'बीपी नौ वर्षको हुँदा आतंककारी समँहमा लाग्नुभएछ । जसको नाम थियो, बाँदर सेना । यसै समँहले बैंक लुट्यो । त्यतिबेला उहाँ पनि पक्राउ पर्नुभयो । तर, फुच्चे भएका कारण जिल्ला म्याजिस्ट्रेटले उहाँ पनि यस्तो कार्यमा संलग्न हुनुहुन्छ भनेर पत्याउँदै पत्याएन । तुरून्तै रिहा गरिदिएछ ।' अशोकका भनाइमा बीपी यसपछि कम्युनिस्ट विचारधारातर्फ आकर्षित भए । बीएचयूमा अध्ययनरत रहदा उनले देवकान्त बरूवा, महावीरप्रसाद सिन्हा, देवेन्द्रप्रसाद सिंह र राजेश्वर रावजस्ता साथीसग मिलेर विद्यार्थी संगठन नै खोलिसकेका थिए । त्यतिबेला उनी संगठन सचिव थिए, पछि अध्यक्ष भए ।

यसै क्रममा सन् १९२८ मा कम्युनिस्ट इन्टरनेसनलको छैटौं अधिवेशनले सबै राष्ट्रवादी र लोकतान्त्रिक समाजवादीलाई 'सोसल फासिस्ट' भन्यो । जयप्रकाश नारायणँ पनि पहिले कम्युनिस्ट दर्शनबाट प्रभावित थिए । तर, उनलाई छैटौं अधिवेशनले पारित गरेको प्रस्ताव मन परेन । यसमा पनि सोभियत संघमा स्टालिनले आफ्ना विरोधीविरूद्ध चलाएको नरसंहारपछि लगभग कम्युनिस्ट पार्टीबाटै जेपीको मोहभंग भयो । यद्यपि, मार्क्सवादी चिन्तनको आकर्षण छँदै थियो उनमा । त्यसैले देशभरी घुम्दै हिँडे । यसै क्रममा उनको बीएचयूमा भेट भयो, बीपीसँग । बीपी पनि स्टालिनको नरसंहारबाट स्तब्ध थिए । उनी ट्राटस्कीतर्फ ढल्किसकेका थिए । पछि बिस्तारै महात्मा गान्धीतर्फ आकर्षित भए । सन् १९३३ मा आचार्य नरेन्द्र देवको अध्यक्षतामा कांग्रेस समाजवादी पार्टी गठन भएपछि उनी त्यसका सकृय सदस्य बन्न पुगे । यसै क्रममा उनी भारतका चर्चित समाजवादी नेताहरू नरेन्द्र देव, जेपी, लोहिया, मीनु मसानी, अच्युत पटवर्द्धन, एनजी गोरे, अशोक मेहतासँग वैचारकि मन्थनमा भाग लिन्थे । उनी विहारदेखि महाराष्ट्रसम्म स्वतन्त्रता आन्दोलनमा खटिएका थिए ।

सन् १९४२ मा दुई वर्ष जेल परेपछि त उनको ख्याति भारतमै चुलिएको थियो । त्यतिबेला महात्मा गान्धीलाई आन्दोलनका हरेक रपोिर्ट थाहा हुन्थ्यो । त्यसैले उनी बीपीबाट पनि निकै प्रभावित थिए । 'भारत स्वतन्त्र हुनुअघि नै बीपीको ख्याति यहाँ चुलिसकेको थियो । समाजवादीहरू उहाँको बौद्धिकताबाट प्रभावित त थिए नै, गान्धी र नेहरू पनि आकषित थिए,' बनारसका वरिष्ठ वकिल विनोद सिंह भन्छन् । विनोद भारतका अर्का समाजवादी नेता सागरप्रसाद सिंहका भतिजा हुन् । ०३३ सालमा बीपी मेलमिलापको नीति लिएर फकिर्दा नेपालमा उनीविरूद्ध राजद्रोहसम्बन्धी सातवटा मुद्दा थिए । बीपीको पक्षमा त्यो मुद्दा लड्न मुम्बईका पूर्वन्यायाधीश बीएन तारकुण्डेसँगै नेपाल आएको वकिलहरूको टोलीमा सागर पनि थिए ।

नेपालका गान्धी

भारतमै राजनीति गर्ने ठूलो अवसर थियो, बीपीलाई । तर, भारतको स्वतन्त्रता संग्रामको लडाइँ लड्दा पनि उनको दिमागमा थियो, नेपाल नै । पहिलोपटक गान्धीलाई भेट्दा बीपी १५ वर्षका मात्रै थिए । लोहियाले सन् १९२९ मा बीपीलाई गान्धीसँग भेटाइदिएका थिए । त्यतिबेला गान्धीको प्रश्न थियो, 'कसको प्रेरणँले राजनीतिमा लाग्यौ ?' त्यतिबेला बीपीले गान्धीलाई भनेको कुरा आमाको मुखबाट सुनेको भन्दै अशोक भन्छन्, 'पिताजी ( कृष्णप्रसाद) को प्रेरणाले । म तीन वर्षको हुँदा पिताजी नेपाल छाडेर आउनुभयो । उहाँका कारण हाम्रो परिवारका सबै सदस्यलाई पक्राउ आदेश छ । हाम्रो सबै सम्पतति रोक्का छ । हामी १२ वर्ष्देखि भारतमा निर्वासनको जीवन बिताइरहेका छौं ।'

विनोद सिंह बीपीलाई नेपालका गान्धी भन्न रूचाउँछन् । उनका अनुसार भारतलाई स्वतन्त्रता दिलाउन गान्धीको भँमिकाजस्तो रह्यो । नेपालमा प्रजातन्त्रको बीजारोपणँ गर्ने योगदान बीपीको थियो । तर, गान्धीले हतियार उठाएनन् । बीपीले भने दुईपटक सशस्त्र आन्दोलनको आह्वान गर्नु पर्यो । यसलाई बीएचयूका प्राध्यापक मल्लिक यसरी अर्थ्याउँछन्, 'जुन देशको जग नै सामन्ती सोचमा उभिएको छ, जहाँ एउटा व्यक्ति ( राजा)लाई भगवान्को अवतार मानेर ८० प्रतिशत जनताले पँजा गर्छन्, त्यसमा पनि पढेलेखेका व्यक्तिहरू राजाकै झोलीमा छन् । यस्तो ठाउँमा जनताको बाँच्न र बोल्न पाउने मौलिक अधिकारसहितको प्रजातन्त्र स्थापित गर्छु भन्नु आफैँमा आत्मघाती निर्णय थियो । त्यो जोखिम बीपीले उठाएकै हुन् । यो पृष्ठभूमिमा गान्धीले नेपालमा अहिंसात्मक आन्दोलन गरेका भए, पहिले मारिन्थे होला ।' मूलतः बीपी गान्धीवादी थिए । तर, उनले हतियार पनि उठाए । त्यसलाई रणनीतिक मान्छन्, मल्लिक । भन्छन्, 'बीपीले देशलाई राम्रोसँग बुझेका थिए । यस कुरामा लोहिया र जेपीभन्दा नितान्त भिन्न देखिन्छन्, बीपी ।

बीपीको एउटै लक्ष्य थियो, नेपाली जनतालाई उसको वैयक्तिक अधिकार दिलाउने । राणाकालमा उनी दुईपटक जेल परे । ००३ सालमा जेल पर्दा उनलाई छुटाउन महात्मा गान्धीले नै हस्तक्षेप गर्नुपर्यो भने ००५ सालमा नेहरूले । ६८ वर्षे जीवनकालमा बीपीले नेपालमा १० वर्ष मात्र स्वतन्त्र रूपमा राजनीति गर्न पाए । ००७ सालअघि उनको पँरै परविार भारतमा निर्वासित थियो । ००७ देखि ०१७ सालसम्म मात्र उनले स्वतन्त्र रूपमा नेपालमा राजनीतिक गतिविधि गर्न पाए ।

जनताले दिएको मतको अपमान गर्दै राजा महेन्द्रले बीपीको सरकारलाई १८ महिनामै अपदस्थ गरे । जसका कारण उनले आठ वर्ष सुन्दरीजल जेलमा बन्दी जीवन बिताउनुपर्यो । ०२५ सालपछि उनी फेरी भारत निर्वासित भए । ०३३ सालमा मेलमिलापको नीति लिएर फर्किदा पनि दुई वर्ष महाराजगन्र्जा स्थत प्रहरी तालिम केन्द्रमा थुनामा परे । ०३६ सालमा जनमतसंग्रहको घोषणापछिका तीन वर्ष प्रजातान्त्रिक मूल्य-मान्यता स्थापित गराउने अभियानमा सकृय थिए । तर, घाँटीको क्यान्सरका कारण ६ साउन ०३९ मा काठमाडौंमा उनको निधन भयो । बीपीको व्यक्तित्व र विचारधाराबाट डराएको दरबारले ००७ देखि ०४६ सालसम्म नेपालमा १० जना प्रधानमन्त्रीको प्रयोग गर्यो, जसमा १९ पटक त प्रधानमन्त्री फेरबदल नै गर्नुपर्यो । त्यतिले नपुगेर त्रिभुवन र महेन्द्रले तीनपटक शासनसत्ता आफ्नो हातमा लिए ।

कोलकाताको चर्चित मार्बल हाउसका मालिक विद्यासागर गुप्त, जसका दाजु बीपीसँग निकट थिए, बीपीलाई विचारमा अडिग, स्पष्ट नेता भन्न रूचाउँछन् । भन्छन्, 'उहाँले पदलाई कहिल्यै प्रधानता दिनुभएन । उहाँको दिमागमै राष्ट्रियिता, प्रजातन्त्र र समाजवाद थियो । उहाँले आफ्ना यी विचारसँग सम्झौता गर्नुभएको भए, नेपालको इतिहासमा त्यति धेरै प्रधानमन्त्री हुँदैनथे ।' यस्तै प्राध्यापक मल्लिकको विश्लेषणमा ०१७ सालमा राजा महेन्द्रले बीपीलाई अपदस्थ गर्नुमा समाजवादी कार्यक्रम लागू गर्न बीपी क्रियाशील हुनु हो । यसमा पनि मुख्य त क्रान्तिकारी भूमि सुधार राजा महेन्द्रको छटपटी थियो । 'जुन दिन बीपीले जुन दिन आफूले चाहेको वैज्ञानिक भूमिसुधार लागू गर्दै हुनुहुन्थ्यो । त्यही दिन कू भयो ।

# आवरण हेरेर आकर्षित हुने कि सतहमा पुग्ने ?



सुरेशकुमार पाण्डे

राजनीतिज्ञहरूको विचार सुनियो । २०४६ साल यताका घटनाक्रमहरूले उनीहरूमा थोरै सकारात्मक र बढी नकारत्मक असर पारेको पाइयो । कतिपय व्यक्तिहरूले देशभित्र वामशक्ति नै छैन भन्ने तर्क पनि गर्छन् । वामपन्थी नेता र दलहरूका चरित्रका कारण यस्तो प्रश्न उब्जिएको हो । त्यसलाई बुझ्न राजनैतिक रूपमा गहिरो अध्ययन गर्नु उचित हुनेछ ।

२०४६ साल पछि विद्रोह, बिध्वंस सामाजिक राजनैतिक बिचलन बिकृतिहरूको व्यवहारले समाजमा बढी नकारात्मक असर पारेको देखिन्छ । नैतिक पतन भएर सरकारमा पुगेका, हतियार उठाएर सत्ता साझेदारी गरेकाहरू समेत अहिले हाम्रो बिचमा छन् ।

एकथरिले समाजमा हुने घटनाहरूलाई सबै बाहिरिया शक्तिको उपजको संज्ञा दिन्छन् भने आर्को थरीले साहास् र उनीहरूले जुटाएको हिम्मतको पशंसा पनि गर्छन् अथवा बिध्वंस र विद्रोह गर्नुलाई कयौँले साहास भनेर प्रशंसा गरेको पनि पाइयो ।

हाम्रो देशका सचेत वर्गहरूको नकारात्मक बुझाईले देश कहिले उँभो लाग्नेवाला छैन । मात्र ३८ वर्षको द्वौरानमा भएका साना ठूला संघषका साथै सत्तामा पुगेकाहरूले नेपोटिजम र स्वार्थमा अल्झिनाले जनवादको अभ्यासमा सफलता हुन नसकेको हो । सही र गलत छुट्याउन नसक्नुले अझै पनि उत्तिकै जटिल अबस्था छ । अहिलेको अबस्था कार्यनैतिक सवालमा बहुदलिय प्रतिस्प्रर्धा नै हुंदै आएको देखिन्छ । यथार्थमा क्रान्तिकारी राजनैतिक शक्तिले चुनावलाई देश र जनताको हितमा उपयोग गर्ने कार्यनीति छ र क्रान्तिकारी शक्तिहरू स्वार्थलम्पट भएकै हुन् । उनीहरूले चुनावलाई सैद्धान्तिक बनाउन सकेनन्, स्वार्थको आहैजार बनाइदिए ।

अन्य बुद्धिजीविहरूले पनि कुनै घटनालाई हेर्नुपर्यो भने आफ्नो स्वतन्त्र विवेकले होइन आफू बसेको पार्टीका नेताको चस्माले मूल्यांकन गर्नाले वामपन्थ हामपन्थ बन्न पुगेको देखिन्छ । देश र जनताको लागि उठेको न्यायको आवाजलाई अवसरवादी रूपमा उपयोग भइरहदा वामपन्थ बदनाम भयो ।

उदाहरणका लागि जनयुद्ध सफल भयो । जनयुद्धले परिवर्तन ल्यायो । परिवर्तन देश र जनताका लागि भएन भन्ने विषय २०८२ सालमा आएर प्रष्ट भयो । राजनैतिक पार्टीहरूको सबैभन्दा ठूलो गल्ती पहिलो ऐतिहासिक जनान्दोलनबाट आएको बहुदलिय ब्यवस्थालाई सदुउपयोग गर्न नसक्नु हो । २०६३ को परिवर्तन र लोकतान्त्रिक गणतन्त्रलाई जनताले अपनत्व लिनसक्ने बनाउन नसक्नु अर्को गल्ती हो । नेतृत्वले जवाफेदहीपूर्ण राजनीति गरिदिएको भए आजको अवस्था आउने थिएन । जनयुद्ध, जनआन्दोलन, जेनजी आन्दोलनबाट देशमा जनधनको क्षती भइसक्यो । विदेशी शक्तिले पनि हस्तक्षेप गर्ने मौका पाउँदैनथ्यो । विदेशीहरूको चलखेल हाम्रै कम्जोरीले भएको हो । २०४६सालको ऐतिहासिक जनान्दोलन पछि राजनैतिक दलहरूले लगातार एक पछि एक भूल गर्दै आएका छन् । रोकिएको छैन ।

वि.स.२०६३ पछि अन्तरिम सरकारले २०६४ मा सङ्घीयता भित्र्यायो यो देशको लागि आर्को पटक राजनैतिक पार्टीहरूले ठूलो गलती गर्यो । त्यो बेला घुसेको सङ्घीयताले २०७२ मा संवैधानिक मान्यता पनि पायो । देशमा आएको सङ्घीयताले आर्थिक कम्जोर बनायो । ऋणी बनायो र पहिले भएका कल कारखानाहरूलाई कुनै न कुनै बहानामा कि त बन्द गरियो कि लिलाम गरियो । देशमा भएका उद्योगहरू बन्द गरेर देशलाई टाट पल्टाउने गरी नीजिकरण गरियो । यो सङ्घीयतालाई जवरजस्ती लागु गर्नाको फल हो । दलहरूमा अझै चेत छैन ।

देशमा संविधान बन्यो हामी सबैजनताको माग संविधानसभाद्वारा संविधान् निर्माणको माग पुरा भयो । संविधानमा रहेका कमिकम्जोरीहरूलाई मैत्रिपूर्ण रूपमा हलगर्नुको सट्टा आपसमा तनातनी, मनमुटाव र एकले अर्कालाई देखि नसक्ने अवस्था सिर्जना भयो । यसैको परिणाम कसैले उठाएको राजनैतिक मुद्दा सही भएपनि अर्को पार्टीले बिरोध गर्ने सैलीको विकास भयो । लोकतान्त्रिक गणतन्त्र पार्टी र नेताहरूले भाग शान्ति जयनेपाल गरे खाए ।

जसबाट विदेशी शक्तिले फाइदा उठाउन थाल्यो । देशभित्र आईएनजीओ, एनजीओहरूले ब्यापक ठाउँ पाए । हिंजो जसले सर्वहाराका कथा झोलामा राखेर जनतालाई सुनाउँदै र सिकाउँदै हिंडेका हुन्थे । अब राजनैतिक पार्टीका कार्यकर्ता नेताहरू विदेशी विचार र बस्तु झोलामा बोकेर हिंड्न थालेका छन् । यो नैतिकहीनता र भ्रष्टाचारीपनले गर्दा हो ।

राजनैतिक पार्टी संगठनहरूलाई पनि रूपियाँ दिएपछि त्यो चोखो र सक्रिय देखिन थाल्यो । अहिले त्यही ब्यवहार जुनसुकै पार्टी भित्रको रोग बनेको छ । यत्ति फरक होला कसैमा थोरै कसैमा धेरै हुनसक्छ ।

देशमा भएको भ्रष्टाचारले जनता आहाल भएपछि बिद्रोही विचारले ठाउँ पायो ।

त्यसैको फाइदा उठाए विदेशीहरूले बिभिन्न आर्थिक सहयोग दिएर उनीहरूको विद्रोहमा प्राणमात्र थपेनन्, आफ्ना ऐजेन्ट नै बनाउन सफल भए । त्यसैको परिणाम समाजमा घरी घरी हुने विस्फोट हो । अन्याय अत्याचार भ्रष्टाचार असिमित हुनथालेपछि त्यो विस्फोट हुनेनै भयो । पटक पटकको देशभित्र हुँदै आएको विद्रोह पनि यसैको उपज त हो तर त्यसलाई सधैं मौका परस्तहरूले उपयोग गर्ने प्रयत्न गर्दै आएका छन् । कतिपय राजनैतिक पार्टीमा पनि विद्रोह भएको जस्तै देखिन्छ । त्यसको मुल्यांङ्कन गर्दा बिभिन्न बुद्धीजीविहरूको बिष्लेषण सुन्दा र त्यो घटनाक्रमलाई अध्ययन गर्दा एउटा कुरा के बुझिन्छ भने त्यो विद्रोह नै होइन त्यो मात्र पदको खिचलो हो । विद्रोह भनेको कुनैपार्टी भित्र हुने आमूलपरिवर्तनका लागि गरिने नीतिगत विद्रोह बुझ्नुपर्छ । अहिले पार्टी भित्र भएका अधिकाँश घटना पदलाई लिएर भएका छन् ।

एमाले नियमित प्रकृयामा छ, पार्टी नीतिमा परिवर्तन चाहेन । कांग्रेसभित्र बिद्रोह भयो, गगन थापा अगाडि आए । यो सैद्धान्तिक विद्रोह होजस्तो लाग्दैन । गगन थापाको हिम्मत ठूलो हो । शेर बहादुरको पदमा गगन बसन सफल भए । त्यो पदिय खिचलो मात्र हो ।

माओवादीजस्तो ऐतिहासिक विद्रोह गर्ने पार्टी अध्यक्षले नै माओवाद परित्याग गरिदिए । स्वार्थका लागि नेकपा बनाएर अघि बढेका छन् । जनयुद्ध किन गरे ? कुनै पनि माओवादीले प्रष्ट गर्न सक्दैनन् ।

कतिपय कम्युनिष्टहरूले पनि यस्तै आंट पार्टी असन्तुष्टहरूले देखाउन सक्नुपर्छ भन्नेहरू छन् ।

राजनीति उमेरको आधारमा होइन उनीहरूको क्षमतामा निर्भर हुनुपर्छ । बुढा भएपनि राजनीति विचारधारा राष्ट्रियता र जनताको हितमा नेता सँग भिजन छ भने त्यो अमूल्य धरोहरको उपक्ष किन गर्ने ? त्यो प्रयोग किन नगर्ने ? बरू युवा जोस र बुढाहरूको माझिएको र खारिएको विचारको मिश्रृत भएको भिजनले राष्ट्रियता र जनतन्त्रको बलियो जग बसाल्न सक्छ । यद्यपि हुनैपर्ने केहो भने वृद्धहरूले पार्टीमा भएका नैतिकवान र पार्टीका दरिला खम्बाहरूलाई जिम्मा दिएर आफू संरक्षकको रूपमा बस्न तैयार हुनुपर्ने हो । त्यो हुनसकेन । अहिलेको अवस्था पनि वृद्धहरूलाई पद नै चाहिएको छ ।

अहिले हामीले सुन्दै नसुनेको जेन्जी आन्दोलन भयो । ठूलो विध्वंश भयो । ७८ जनाको जीवन नष्ट गरियो । देशको सम्पत्तिमा आगो लगाईयो । उनीहरूले गरेको आन्दोलनबाट कसले फाईदा उठायो ? आज अपराधीहरू, भ्रष्टाचारीहरू समेत जनताको माझमा छन् । व्यवस्थाको अवस्था निरीह छ । अपराधीहरूलाई कार्वाही कसले गर्ने ? जसको छोराछोरी मारिए न्याय कसले दिने ? केवल सत्ता, कुर्सी कसरी हासिल गर्ने यही सबैलाई चिन्ता छ ।

जसको कुनै नीति छैन सिद्धान्त छैन अनुशासन छैन उनीहरूले सपना देखेका छन् प्रधानमन्त्री बन्ने र देशमा शासन गर्ने सपना । चुनाव आएको छ, अहिले नागरिकहरूले आफ्नो विवेक प्रयोग गर्न सकेनौं भने देशको अवस्था झनै दयानीय हुने छ । जसले सुशासनका कुरा गरेका थिए, पुरानाले सुशासन दिएनन् । नयाँ नयाँ भनिएको छ, नयाँले सुशासन दिन्छ दिन्न, तिनले देश कसरी अगाडि बढाउने हुन्, कुनै खाका, योजना जनताले जान्न पाएका छैनन् ।

धेरैपल्ट जनताले मतदान गर । जनता मतदान गर्ने मेसिनजस्ता बनेका छन् । चुनाव आयो कि भ्रष्टहरूले मासुभात खान दिने, खर्चपानी दिने गरेका छन् । त्यसैको भरमा मतदान गर्‍यो, अनि किन दिन्थे जनतालाई राहत । फागुन २१ को चुनावमा पनि जनताले भूल गरे भने महगो मूल्य चुकाउने जनताले नै हो । अहिलेको अवस्थामा देशका नागरिकहरू सचेत हुनैपर्छ, चिप्ला नाराहरूमा नचिप्लेर विवेकसिल बन्नु समयको माग हो । कसैको आबरणभित्रको असली अनुहार बुझेर मात्र अमूल्य मतदान गरौं । देशको हितका लागि संघर्षरत पार्टी वा उमेदवारको हात बलियो बनाउनुपर्छ । त्यही बाटोमा अग्रसर भएका व्यक्ति वा शक्तिलाई बलियो बनाउन सबै नागरिकले आफ्नो कर्तव्य ठान्नुपर्छ ।

## That Is How It Is Here..........

and 9 years of service remaining, respectively .
That was the day when the knowledge and degrees we possessed—knowledge that was extremely scarce, critically needed, and immensely useful to the country, acquired through the support, goodwill, and investment of India and the United States for the development of my nation and the service of all my fellow citizens—were casually thrown into the trash by our own government and its obedient scholars: the vice-chancellor and his group .
And then I remember again—the very same day—when the lines I had written in that poem back in 1982 (B .S . 2039), imagining that someone like me, like us, could lose a job at any time, came painfully true in 1992 . It may surprise many lovers of democracy that this was not the period of the Panchayat system, but rather the period of multiparty democracy under a so-called democratic government . That undoubtedly proves that we have a democracy on paper but a dictatorship in practice . And so, I still hum those lines to myself from time to time and say:

In a job honestly secured
There is neither a you
Nor a me
So here
That’s how it is
All are content
With raking in and dishing out
All are engaged
In giving and taking
That’s how it is here
That’s how it is

narayanshanti70@gmail .com

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ फागुन ५, Feb. 17, 2026





अन्तिम पातो - शाश्वत शर्मा

## परिणाम दिन सक्नुपर्‍यो

फागुन १ गते पूर्वराजा झापाबाट काठमाडौं फर्कनु भयो । प्रशासनले बिमानबाट नजान दिएको सुझाव मान्दै पूर्वराजा हेलिकोप्टरमा राजधानी फर्कनु भएको हो । राप्रपा, अभियन्ता दुर्गा प्रसाई, विभिन्न राजावादी र हिन्दुवादी संगठन, व्यक्तिहरूले राजालाई भव्य स्वागत गरे । स्थानीय प्रशासनले एयरपोर्ट वरपर निषेधाज्ञा जारी गरे पनि गौशाला, चावहिल, महाराजगञ्जमा राजावादीहरूले सडकमा लामवद्ध भएर जयजयकार गरेको देखियो । स्वागतका लागि बाजागाजा, नृत्य प्रदर्शन पनि गरिको देखियो । स्वागतमा उलिएएको जनताको भीड देखेपछि सबैले स्वीकार गर्नैपर्ने विषय हो- राजतन्त्र पनि राजनीतिक शक्ति हो ।

चुनावी लहर चलिसकेको छ । चुनाव हुन्छ र हुन्न भन्नेहरू विवाद गरिरहेकै छन् । तथापि युवादेखि बृद्धसम्मको उपस्थितिले जुन प्रकारको स्वागत देखियो, यसबाट नेपालमा राजतन्त्र कुनै दलले निषेध गर्दैमा निषेध हुने शक्ति होइन भन्ने देखियो । गतवर्षभन्दा भव्य भइदिएको भए यो स्वागतले परिणामको स्वरूप लिनसक्थ्यो भन्नेहरू पनि धेरै नै छन् । कतिपय राजसंस्था चाहिन्छ भन्नेहरूलाई जाडो लागेका कारणले राजधानीभरि प्रशंसक देखिन नसकेको हो । हुन पनि आज, भोलि, अहिले, भरे राजसंस्था पुनर्स्थापना हुन्छ भनने सुन्दा सुन्दा निरशा छाइसकेको छ । गतवर्ष पनि राजा पोखराबाट फर्कनु भयो, निर्मल निवास पस्नुभयो, सकियो । यसपल्ट पनि राजा झापाबाट फर्कनु भयो, निर्मल निवास पस्नु भयो, तातोपन चिस्सियो । यसपल्ट त विमानस्थलबाट सिधै राजदरवारमा सवारी चलाउने हल्ला केही हप्तादेखि चलेकै थियो । भयो के ? हल्ला, नारा, आश्वासन, दिवास्वप्नले केही हुनसकेन । राजतन्त्र पुनर्स्थापना हुन्छ भन्ने दह्रो नेतृत्व अगाडि सर्ने हो भने राजधानीमात्र होइन, सिङ्गो मुलुकवासी ओइरिन सक्छन् । किन हिजो भएन, आज पनि भएन । जनता लोकतान्त्रिक गणतन्त्रबाट वाकविधि भइसकेको छन् । देश लथालिङ्ग भइसकेको छ । अझ गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि त स्थिति भयावह नै छ । कसैले सम्हाल्न नसक्ने अवस्था भइसक्यो भनेर विश्लेषकहरू भनिरहेका छन् ।

हो, राजा फर्किए, भव्य र सभ्य स्वागत भयो । केही प्रचार चाहनेलाई सन्तोष भयो होला, देश र जनताले खोजेको राहत, भयो के ? परिणाममुखी स्वागत, आन्दोलन हुन सकेन । राप्रपा त अवसरवादी नै ठहरियो । हिन्दु र राजतन्त्रवादी संघ संगठन र व्यक्तिहरू समेत अवसरवाद भन्दा पृथक लाग्न छाडेको छ । राजतन्त्र सबैभन्दा लोकप्रिय अवस्थामा छ । यो अवस्थामा पनि राजतन्त्र पुनर्स्थापना गर्न दह्रो पाइला चाल्न नसक्ने हो भने आमनागरिकलाई सपना नदेखाए हुन्न र ?

२० वर्षदेखि भ्रष्टाचारले गन्हाएका नेताहरू, पार्टीहरू राजतन्त्रलाई गिज्याइरहेका छन् । अझै पनि तिनलाई गिज्याउन दिइरहने ? फागुन ७ गते पुनः राजाबाट परम्परागत कार्य गर्दै देशवासीका नाममा सन्देश आउने छ । सन्देशमा उही पुरानै कुरा संवाद, सहमति र सहकार्यको प्रस्ताव आउने छ । सबैले सन्देश सुन्नेछन्, पढ्नेछन् र बिर्सनेछन् । मुलुक अस्तित्वको संकटमा फसिसकेको छ, अभिभावकीय दायित्व निर्वाह गर्दै आएको सन्देशलार्य कमजोरी ठानिने छ ।


जनताको नासो फिर्ता लिएको सन्देश सुन्न आतुर छन् । सन्देश त्यसप्रकारको आयो भने देशैभरि उत्साह र हौसलाको तरङ्ग उठ्नेछ । चुनाव पार्टी, नेतालाई लागेको छ, देश र देशवासीका लागि राजतन्त्रको अभिभावकीय भूमिका चाहिएको छ । त्यही प्रकारको सन्देश सुन्न जनता प्रतिक्षारत छन् । पक्कै पनि फागुन ७ को सन्देशबाट अहिले र पहिलेका भ्रष्ट, राष्ट्रघातीहरूको मुटुमा ढ्याङ्ग्रो बज्नेछ, राजाले कडा सन्देशमार्फत नेपालविरोधी स्वदेशी एवं विदेशीहरूलाई चेतावनी दिनुहुनेछ । फागुन ७ पछि राजा वास्तवमै राजाको रूपमा स्थापित हुनेछन् । यस्तो कुरा देशव्यापी रूपमा फैलिरहेका छन् । के त्यस्तो होला त ? आशा गरौ । जनतामा लोकप्रिय राजतन्त्र हात्ती आयो, हात्ती आयो फुस्सा हुनसक्दैन । हुनुहुन्न ।

चुनाव नगिचिएको छ । सन्देशको महत्व यसले पनि बढाएको छ । यसपटक नयाँलार्य भन्ने हल्लाखल्ला छ । रास्वपाको जयजयकार सुरू भइसकेको छ ।जेनजी आन्दोलनको समेत स्वामित्व लिएको रास्वपामा आमनेपालीहरूको दिलचस्पी बढिरहेको देखिन्छ । विध्वंश, आगजनी, तोडफोडबाट ज्यादै नोक्सानी भइसकेको छ । नोक्सानी निर्माण गर्न सकिन्छ, ७८ जनाको ज्यान फिर्ता हुनसक्दैन भन्ने कुरा रास्वपाका नेताहरू भनिरहेका छन् । नेपाली जनता परिणाममुखी काम चाहन्छन्, सुशासन खोजिरहेका छन् । सुशासनकै लागि यसपाली नयाँ भनिरहेछन् । संगठन पुराना भ्रष्टहरूको पार्टीको छ भने नयाँहरूको पक्षमा जनलहर आइसकेको छ । नयाँले चुनाव जित्नेछन् भन्ने लक्ष्यण देखिन्छ । यद्यपि पुरानाको षडयन्त्त के कुन हदसम्म हुनेछ, यसै भन्न सकिन्न । तर एकजुगमा एक दिन आउन सक्ने सम्भाबना छ ।

नेपालको चुनावमा जहिले पनि देशघातक, जनघातककै पक्षमा मत किन थुप्रिने गर्छ ? यो जटिल प्रश्न हो र यसबारेको चेतना फैलाउनु सबैको कर्तव्य हो । के यसपल्ट पनि त्यस्तै घटना दोहोरियला ? प्रश्न उठेको छ । राजतन्त्रको पुनर्स्थापना होस् कि चुनावमा नयाँले जितुन्, परिणाम आउनुपर्छ । परिणाम देखिनुपर्छ ।

## राजतन्त्र पनि राजनीतिक शक्ति हो, स्विकारौं – ज्ञान उदास





दलहरूको स्वार्थन्धताले देशको हालत चिन्ताजनक भइसकेको छ । राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक सबै दृष्टिकोणले शासन प्रशासन लथालिङ्ग भइसकेको छ । यो सबै देखेका र भोगेका पूर्वराजाले संवाद, सहमति र सहकार्यको आह्वान गरिरहेको दशकौं भइसक्यो । पार्टीहरूले कानमा तेल हालेर बस्दा अराजकता बढ्दो छ । आफू सच्चिन र अवस्था सच्याउन पनि नसक्ने, पूर्वराजाको आह्वान पनि अस्वीकार गर्दा स्थिति भयावह बन्दै गइरहेको देखिन्छ ।

लोकप्रियताको हिसावमा पोहर फागुनमा पोखराबाट फर्कदा मात्र होइन, अस्ति फागुन १ गते पूर्वराजा झापाबाट फर्कदा पनि एयरपोर्टदेखि निर्मल महाराजगञ्जसम्म जनताको भीड देखियो । थाम्नै नसक्ने यो भीड लोकप्रियताको आधार हो । यसको अर्थ राजतन्त्र पनि राजनीतिक शक्ति हो । स्वीकारौं । र, बिग्रदो हालत सुधार्न सबै मिलेर अघि बढौं, स्थिरता ल्याऔं ।

पार्टी नेताहरूका भ्रमित पार्ने कुरा धेरै भयो, गलत सावित भइसक्यो । जनताले पत्याउने छैनन् । किनकि जनयुद्ध र जनआन्दोलनपछि ०६३ सालमा जुन परिवर्तन आयो, त्यो परिवर्तन आएको २० वर्ष भइसक्यो । ०७४ र ०७९ मा दुईपल्ट आवधि चुनाव पनि भयो । हिन्दुधर्म फालेर धर्मनिरपेक्षता र संघीय गणतन्त्र पनि लागू गरियो । यी सबै परिवर्तनपछि पनि देश र जनताप्रति जवाफदेही कोही भएनन् । जता हेरे पनि भ्रष्टाचार बढेको छ । गत भदौ २३ र २४ गते गणतान्त्रिक सत्ताले ७६ जना जेनजी पुस्ताको ज्यान लियो । यो घटना राजनीतिक नीति, नैतिकता, सिद्धान्त, विचार सबैको पतन हो । ७६ जना मारिनु, सयौंमाथि अंगभं हुनेगरी दमन गरिनु, कोही जवाफदेही नहुनु । संसारको कुनै व्यवस्था र कुनै राजनीतिक नेतृत्व यतिसम्मको अकर्मण्य हुनैसक्दैन ।

केही समयअघिमात्र श्रीलंकामा यस्तै नेतातन्त्रले लुटतन्त्र चलायो । परिवारवाद र मनपरीवाद चलायो । बाध्य भएर जनताले विद्रोह गरे, नेताहरूलाई ज्यान जोगाउनै धौधौ भएको देखियो । बंगलादेशमा पनि यस्तै भयो ।

जनता जागेपछि नेतातन्त्रले लुक्ने, बाँच्ने मौका पाउन पनि मुस्किल हुनेरहेछ । चुनाव गराएर श्रीलंका तङ्ग्रिन थालेको छ । बंगलादेशमा चुनाव भयो, जनताले परिवर्तन चाहे । फागुन २१ मा नेपालमा पनि चुनाव हुँदैछ, नयाँ नयाँ भनेर लहर चलेको छ । समयको आहट नबुझ्ने र स्वार्थन्ध भएर राजनीति गर्नेको नतिजा दयनीय हुन्छ । दक्षिण एसियाकै त्यो दृष्टान्तबाट नेताहरूले सबक सिकेनन्, अब जनताले सवक सिकाउने अवसर आएको छ । हेरौं, नेपाल जनमानसले कस्तो चुनावी परिणाम देलान्, भ्रष्टहरूको कुन हालत होला । सुशासनको जग बस्ला कि नबस्ला ?

पञ्चायतलाई खराव भनियो, सबै बिकृतिको जड राजतन्त्र भनेर भ्रम फैलाइयो । आज राष्ट्र असफलताको भीरमा पुगिसकेपछि जेनजी बिद्रोह भयो र सिङ्गो मुलुक जागेको स्थिति छ । खरावी व्यवस्थामा होइन रहेछ, नेतृत्व अपराधमा मुछिन थालेपछि देशले महगो मूल्य चुकाउनु पर्नेरहेछ, जनताले कष्ट र छटपटीमा बाँच्नुपर्ने रहेछ । यसकारण गणतन्त्र र स्थापित नेता देशका लागि सराप सावित भइसकेका छन् ।

३७ वर्षको बहुदल र २० वर्षको लोकतान्त्रिक गणतन्त्र हाँकेका कुनै पनि नेता विश्वासयोग्य रहेनन् । यतिमात्र होइन, राज्यव्यवस्था नै संलग्न भएको नागरिक निर्यात गर्ने अपराधी यिनै हुन् र यिनलाई दण्ड दिनुपर्छ भनेर जनता चिच्याउन थालेका छन् । स्वार्थका लागि फौजदारी अभियोगमा समेत माफी दिने कार्य गरे यी नेताहरूले । आफ्ना गल्ती कमजोरी लुकाउन हरेक गणतान्त्रिक नेताले भ्रम छरिरहे- राजतन्त्रले देश कंगाल पारेको थियो, गणतन्त्रमा विकास र समृद्धि ल्यायो । यो कस्तो समृद्धि हो, ३ करोड जनसंख्यामा ८० लाख युवा रोजीरोटीका लागि विदेशीनुपर्छ ।

यस्त नेतृत्वले देश कसरी शान्ति, समृद्धि र सुशासनयुक्त हुन्छ ? सबैलाई थाहा छ, राजतन्त्रका बेलामा ५ हजार विदेशीएका थिए, वैदेशिक ऋण अरवमा थियो । आज ३२ खर्ब बैदेशिक ऋण पुगेको छ । १२ कक्षा पढ्ने हरेक विद्यार्थीको सपना छ, विदेश जाने । अध्ययन गर्ने, करियर बनाउने, कमाउने र घरपरिवार पाल्ने । यस्तो गणतन्त्रलाई सफल भन्ने यी कस्ता नेता हुन् ? राजतन्त्र पनि राजनीतिक शक्ति हो, यो शक्तिलाई किनारा लगाएर स्थिरता, शान्ति र समृद्धि सम्भव नै छैन, सबैमा चेतना भया ।


### निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं

◆ गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।

◆ कृतिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स- एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुस्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।

◆ निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोर्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।

◆ निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउन हुँदैन ।

◆ एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उमेदवार विरूद्धकुनै पनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।

◆ निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौं ।

निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



